# कोभिड-१९ ले अर्थतन्त्रमा पारेको प्रभावसम्बन्धी सर्वेक्षण प्रतिवेदन



## नेपाल राष्ट्र बैंक

### अनुसन्धान विभाग

असार २०७७

# प्राक्कथन

१. विश्वभर महामारीको रुपमा फैलिएको कोभिड-१९ प्रकोपका कारण विश्वले मानवीय एवम् आर्थिक क्षति व्यहोर्नु परेको छ । अन्तर्राष्ट्रिय मुद्रा कोषले सन् २०२० मा विश्व अर्थतन्त्र ४.९ प्रतिशतले संकुचन हुने प्रक्षेपण गरेको छ ।

२. कोभिड-१९ महामारीबाट विश्व अर्थतन्त्रसँगै नेपालको अर्थतन्त्र पनि प्रभावित भएको छ । महामारीको संक्रमण रोक्न नेपाल सरकारले २०७६ चैत ११ बाट देशव्यापी रुपमा बन्दाबन्दी घोषणा गरेको थियो । बन्दाबन्दीको समयमा अत्यावश्यक बाहेकका आर्थिक क्रियाकलापहरु बढी प्रभावित रहे । कोभिड संक्रमणले अर्थतन्त्रमा पारेको असरका कारण आर्थिक वर्ष २०७६/७७ मा २.२८ प्रतिशतमात्र आर्थिक वृद्धि हासिल हुने केन्द्रीय तथ्याङ्क विभागको अनुमान छ ।

३. यस बैंकका गभर्नर श्री महाप्रसाद अधिकारीज्यूले बैंकको नेतृत्व सम्हाल्नु भएसँगै कोभिड–१९ ले अर्थतन्त्रमा पारेको असरबारेमा नियमित रुपमा अध्ययन गर्न निर्देशन दिनु भएअनुसार विभिन्न चरणमा अध्ययनहरु भइरहेका छन् । यसैक्रममा कोभिड–१९ ले अर्थतन्त्रका विभिन्न क्षेत्रहरुमा पारेको प्रभाव आकलन गर्ने तथा बन्दाबन्दीपश्चात् उद्योग/व्यवसायको सञ्चालन परिदृश्य पहिचान गर्ने उद्देश्यकासाथ यो सर्वेक्षण गरिएको हो ।

४. राष्ट्रिय आर्थिक गणनामा समेटिएका १८ उद्योग/व्यवसायमध्ये वित्तीय तथा बीमासम्बन्धी क्रियाकलाप बाहेककालाई १३ क्षेत्रमा एकत्रित गरी यस सर्वेक्षणमा समावेश गरिएको छ । ५२ जिल्लाका ६७४ उद्योगी/व्यवसायीहरु २०७७ जेठ २६ गतेदेखि असार १० गतेसम्म सर्वेक्षणमा सहभागी हुनु भएको छ । बन्दाबन्दी अवधिमा विभिन्न क्षेत्रका उद्योग/व्यवसायहरुको उत्पादन/कारोबारमा आएको कमी, रोजगारी कटौती, बन्दाबन्दी पछिको योजना लगायतका विषयसँग सम्बन्धित महत्वपूर्ण तथ्याङ्क संकलन गरी अर्थतन्त्रमा सबैभन्दा बढी प्रभावित क्षेत्रहरु पहिचान गर्ने प्रयास यस सर्वेक्षणमा गरिएको छ । वित्तीय स्थायित्वमा पर्नसक्ने नकारात्मक प्रभावलाई न्यून गर्न सहयोग पुगोस् भन्ने उद्देश्यले उद्योग/व्यवसायको पूँजी एवम् खर्चको संरचना र कर्जाको स्रोत बारे समेत तथ्याङ्क संकलन गरी विश्लेषण गरिएको छ ।

५. बन्दाबन्दी अवधिमा सर्वेक्षणमा संलग्न ३९ प्रतिशत उद्योग/व्यवसाय पूर्ण वा आंशिक रुपमा सञ्चालनमा रहेका र ६१ प्रतिशत उद्योग/व्यवसायहरु पूर्णरुपमा बन्द रहेका पाइएका छन् । यसबीचमा सर्वेक्षणमा संलग्न उद्योग/व्यवसायले झण्डै एक चौथाइ कर्मचारी/कामदार कटौती गरेको पाइएको छ । यसरी कटौती हुने मध्ये अस्थायी/करारका कामदार दुई तिहाइभन्दा धेरै रहेका छन् । सोही अवधिमा उद्योग/व्यवसायहरुले औसतमा १८.२ प्रतिशतले तलब कटौती गरेको पाइएको छ । बन्दाबन्दी अवधिमा ९६.७ प्रतिशत उद्योग/व्यवसायहरुको उत्पादन/कारोबार ७३.८० प्रतिशतले घटेको पाइएको छ ।

६. अन्त्यमा, सर्वेक्षणलाई अगाडी बढाउन मार्गदर्शन गर्नुहुने श्रीमान् गभर्नरज्यू तथा डेपुटी गभर्नरज्यूहरु प्रति हार्दिक आभार प्रकट गर्दछु । सर्वेक्षणमा सहभागी हुनु हुने उद्यमी तथा व्यवसायीहरुलाई पनि धन्यवाद दिन चाहन्छु । यस अध्ययनलाई सफलतापूर्वक सम्पन्न गर्न खटिनुहुने निर्देशक ईश्वरी प्रसाद भट्टराई, उपनिर्देशकद्वय प्रियंका बस्न्यात र सिद्धराज भट्ट तथा सहायक निर्देशकद्वय श्री राम चन्द्र आचार्य र श्री रोलेन्द्र विक्रम जबेगूलाई विशेष धन्यवाद दिन चाहन्छु । सर्वेक्षणलाई समयमै सम्पन्न गर्न महत्वपूर्ण भूमिका निर्वाह गर्नुहुने यस विभाग तथा प्रदेशस्थित कार्यालयका निर्देशकहरु तथा कर्मचारी मित्रहरु धन्यवादका पात्र हुनुहुन्छ । सर्वेक्षणबाट प्राप्त सूचना एवम् जानकारी सम्बद्ध सबैका लागि उपयोगी हुने विश्वास लिएको छु ।

डा. गुणाकर भट्ट
कार्यकारी निर्देशक

# विषय सूची


प्राक्कथन

तालिका तथा चार्टहरु

कार्यकारी सारांश

**परिच्छेद १ : परिचय ......................................................................................१**

अध्ययनको पृष्ठभूमि .....................................................................................१
अध्ययनका उद्देश्यहरु ...................................................................................२
अध्ययन विधि ............................................................................................२
प्रतिवेदनको ढाँचा ..........................................................................................३

**परिच्छेद २ : तथ्याङ्क प्रस्तुतीकरण तथा विश्लेषण ...................................................४**

सर्वेक्षणमा सहभागी उत्तरदाताहरुको वर्गीकरण ...................................................४
कर्जा सम्पत्ति अनुपात .....................................................................................६
खर्च संरचना ..................................................................................................७
कर्जाको स्रोत .................................................................................................८
बन्दाबन्दी अवधिमा उद्योग/व्यवसाय सञ्चालनको अवस्था .....................................९
बन्दाबन्दी अवधिमा उत्पादन/कारोबारको अवस्था ................................................१०
बन्दाबन्दी अवधिमा विद्युत् खपतको अवस्था ......................................................११
बन्दाबन्दी अवधिमा कर्मचारी/कामदार कटौतीको अवस्था .......................................१२
बन्दाबन्दी अवधिमा तलब/सुविधाको अवस्था .....................................................१३
उद्योग/व्यवसायलाई निरन्तरता दिन सकिने अवधि ...............................................१६
बन्दाबन्दी अवधिमा उद्योग/व्यवसायहरुले भोगेका मुख्य समस्याहरु .........................१७
ब्याज छुट प्राप्तिको अवस्था ...........................................................................१८
सामान्य अवस्थामा फर्कन लाग्ने अवधि .............................................................१९
बन्दाबन्दीपश्चात् व्यवसाय सञ्चालन योजना ........................................................१९
बन्दाबन्दीपश्चात्को वित्तीय योजना ...................................................................२०
सहुलियतपूर्ण कर्जा र रोजगारीको निरन्तरता .......................................................२१
उद्योग/व्यवसायहरुले अपेक्षा गरेको सुविधा तथा सहयोग .......................................२२

**परिच्छेद ३ : निश्कर्ष ......................................................................................२३**

निश्कर्ष .......................................................................................................२३

सन्दर्भ सामग्री

अनुसूचीहरु

# तालिका तथा चार्टहरु


| | | |
|---|---|---|
| तालिका १ | : औद्योगिक वर्गीकरणअनुसार नमुना संख्या | ५ |
| तालिका २ | : सञ्चालन अवधिअनुसार नमुना संख्या | ५ |
| तालिका ३ | : उद्योग/व्यवसायको आकारअनुसार कर्जा सम्पत्ति अनुपात (प्रतिशत) | ७ |
| तालिका ४ | : उद्योग/व्यवसायको आकारअनुसार चालु र स्थिर खर्चको अंश (प्रतिशत) | ८ |
| तालिका ५ | : औद्योगिक वर्गीकरणअनुसार कर्जा स्रोत छनौट (प्रतिशत) | ९ |
| तलिका ६ | : उद्योग/व्यवसायको आकारअनुसार कर्जा स्रोत छनौट (प्रतिशत) | ९ |
| तालिका ७ | : औद्योगिक वर्गीकरणअनुसार बन्दाबन्दी अवधिमा व्यवसाय सञ्चालन अवस्था (प्रतिशत) | १० |
| तालिका ८ | : उद्योग/व्यवसायको आकारअनुसार बन्दाबन्दी अवधिमा व्यवसाय सञ्चालन अवस्था (प्रतिशत) | १० |
| तालिका ९ | : बन्दाबन्दी अवधिमा उत्पादन/कारोबारको अवस्था (औद्योगिक वर्गीकरण अनुसार) | ११ |
| तालिका १० | : बन्दाबन्दी अवधिमा उत्पादन/कारोबार अवस्था (उद्योग/व्यवसायको आकार अनुसार) | ११ |
| तालिका ११ | : औद्योगिक वर्गीकरणअनुसार बन्दाबन्दी अवधिमा औसत बिजुली खपत (प्रतिशत) | १२ |
| तालिका १२ | : उद्योग/व्यवसायको आकारअनुसार बन्दाबन्दी अवधिमा औसत बिजुली खपत (प्रतिशत) | १२ |
| तालिका १३ | : औद्योगिक वर्गीकरणअनुसार बन्दाबन्दी अवधिमा कर्मचारी/कामदार कटौतीको अवस्था (प्रतिशत) | १३ |
| तालिका १४ | : उद्योग/व्यवसायको आकारअनुसार बन्दाबन्दी अवधिमा कर्मचारी/कामदार कटौतीको अवस्था (प्रतिशत) | १३ |
| तालिका १५ | : उद्योग/व्यवसायको आकारअनुसार बन्दाबन्दी अवधिमा तलब कटौतीको अवस्था ( प्रतिशत) | १४ |
| तालिका १६ | : औद्योगिक वर्गीकरणअनुसार भत्ता तथा अन्य सुविधा कटौतीको अवस्था (प्रतिशत) | १५ |
| तालिका १७ | : उद्योग/व्यवसायको आकारअनुसार बन्दाबन्दी अवधिमा भत्ता तथा अन्य सुविधा कटौतीको अवस्था (प्रतिशत) | १५ |
| तालिका १८ | : औद्योगिक वर्गीकरण अनुसार बन्दाबन्दी अवधिमा भत्ता तथा अन्य सुविधा बढाएको वा नबढाएको (प्रतिशत) | १६ |
| तालिका १९ | : उद्योग/व्यवसायको आकार अनुसार बन्दाबन्दी अवधिमा भत्ता तथा अन्य सुविधा बढाएको वा नबढाएको (प्रतिशत) | १६ |
| तालिका २० | : औद्योगिक वर्गीकरण अनुसार बन्दाबन्दी रहिरहे व्यवसाय निरन्तरता दिन सकिने समयको आधारमा उद्योग/व्यवसाय (प्रतिशत) | १७ |
| तालिका २१ | : उद्योग/व्यवसायको आकार अनुसार बन्दाबन्दी रहिरहे व्यवसाय निरन्तरता दिन सकिने समयको आधारमा उद्योग/व्यवसाय (प्रतिशत) | १७ |
| तालिका २२ | : बन्दाबन्दी अवधिमा भोगिएका प्रमुख पाँच समस्याहरु | १८ |
| तालिका २३ | : औद्योगिक वर्गीकरण अनुसार ब्याजमा सहुलियत प्राप्त गरे/नगरेको (प्रतिशत) | १८ |
| तालिका २४ | : उद्योग/व्यवसायको आकार अनुसार ब्याजमा सहुलियत प्राप्त गरे/नगरेको (प्रतिशत) | १८ |
| तालिका २५ | : उद्योग/व्यवसायको आकार अनुसार सामान्य अवस्थामा फर्कन लाग्ने अवधि | १९ |

तालिका २६ : औद्योगिक वर्गीकरण अनुसार बन्दाबन्दीपछिको व्यवसाय सञ्चालन योजना २०

तालिका २७ : उद्योग/व्यवसायको आकार अनुसार बन्दाबन्दी पछिको व्यवसाय सञ्चालन योजना २०

तालिका २८ : बन्दाबन्दीपश्चात् वित्तीय साधन परिचालनका प्रमुख पाँच विकल्पहरु २१

तालिका २९ : औद्योगिक वर्गीकरण अनुसार सहुलियत कर्जा प्राप्त गरे रोजगारीलाई निरन्तरता दिन सकिने वा नसकिने (प्रतिशत) २१

तालिका ३० : उद्योग/व्यवसायको आकार अनुसार सहुलियत कर्जा प्राप्त गरे रोजगारीलाई निरन्तरता दिन सकिने वा नसकिने (प्रतिशत) २२

तालिका ३१ : उद्योग/व्यवसायहरुले अपेक्षा गरेको सुविधा तथा सहयोग २२

चार्ट १ : प्रदेशगत नमुना विवरण (प्रतिशत) ४

चार्ट २ : लिङ्गको आधारमा सर्वेक्षणमा सहभागी उद्योगी/व्यवसायी (प्रतिशत) ४

चार्ट ३ : औद्योगिक वर्गीकरण तथा सञ्चालन अवधि अनुसार नमुना संख्या (प्रतिशत) ६

चार्ट ४ : उद्योग/व्यवसायको आकारअनुसार नमुना संख्या ६

चार्ट ५ : औद्योगिक वर्गीकरण अनुसार कर्जा सम्पत्ति अनुपात (प्रतिशत) ७

चार्ट ६ : औद्योगिक वर्गीकरण अनुसार चालु र स्थिर खर्चको अंश (प्रतिशत) ८

चार्ट ७ : औद्योगिक वर्गीकरण अनुसार बन्दाबन्दी अवधिमा तलब कटौतीको अवस्था (प्रतिशत) १४

चार्ट ८ : औद्योगिक वर्गीकरण अनुसार सामान्य अवस्थामा फर्कन लाग्ने अवधि (महिना) १९

# कार्यकारी सारांश

१. ***विश्वभर महामारीको रुपमा फैलिएको कोभिड-१९ का कारण नेपालमा पनि आर्थिक क्रियाकलापहरु प्रभावित हुनपुगे ।*** २०७६ चैत ११ देखि शुरु भएको बन्दाबन्दी २०७७ असार १ देखि खुकुलो गरिएतापनि आर्थिक क्रियाकलापहरु पूर्ण रुपमा सञ्चालनमा आउन सकेका छैनन् । आर्थिक वर्ष २०७६/७७ मा करिब २.२८ प्रतिशतमात्र आर्थिक वृद्धि हासिल हुने केन्द्रीय तथ्याङ्क विभागको अनुमान छ । कोभिड–१९ प्रभावका कारण रोजगारीका अवसरहरु पनि प्रभावित भएका छन् ।

२. ***यस बैंकले कोभिड-१९ ले नेपालको अर्थतन्त्रमा पारेको असर र त्यसलाई सम्बोधन गर्न अवलम्बन गर्नुपर्ने नीतिगत व्यवस्थाबारे नियमित अध्ययन गरिरहेको छ ।*** यसै सिलसिलामा बन्दाबन्दीको प्रभावबारे प्राथमिक तथ्याङ्कमा आधारित रही सूक्ष्म अध्ययन गर्न सान्दर्भिक देखिएकोले यो सर्वेक्षण गरिएको छ ।

३. ***महामारीका कारण अर्थतन्त्रका विभिन्न क्षेत्रहरुको उत्पादन तथा रोजगारीमा पर्ने प्रभाव पहिचान गर्ने उद्देश्यले यो सर्वेक्षण गरिएको छ ।*** यसका साथै सर्वेक्षणले उद्योग/व्यवसायको पूँजीको संरचना तथा बन्दाबन्दीपश्चात् सञ्चालन रणनीतिहरु पहिचान गर्ने र बन्दाबन्दीको असर न्यूनीकरण गर्न उपयुक्त आर्थिक, मौद्रिक तथा क्षेत्रगत सुझाव संकलन गर्ने उद्देश्य राखेको छ ।

४. ***अध्ययनमा पूर्णतया प्राथमिक तथ्याङ्क तथा सूचनाको प्रयोग गरिएको छ ।*** तथ्याङ्क तथा सूचना संकलन गर्न प्रश्नावलीमा आधारित गुगल फर्ममार्फत अनलाइन (Online) सर्वेक्षण विधि अपनाइएको छ ।

५. ***सर्वेक्षणमा ५२ जिल्लाका ६७४ उद्योगी/व्यवसायीहरुको सहभागिता रहेको छ ।*** औद्योगिक वर्गीकरणअनुसार थोक तथा खुद्रा व्यापारबाट सर्वाधिक २८.२ प्रतिशत, उत्पादनमूलक उद्योगबाट १८.२ प्रतिशत र होटल तथा रेष्टुरेन्टबाट १६.५ प्रतिशत नमुना प्राप्त भएका छन् । तीन वर्ष वा सोभन्दा कम अवधि सञ्चालनमा रहेका नवप्रवर्तन (Startup) उद्योग/व्यवसायहरुको सहभागिता २३.७ प्रतिशत रहेको छ । उद्योग/व्यवसायको आकारको आधारमा सर्वाधिक ४२.७ प्रतिशत उत्तरदाता लघु उद्यम/साना खुद्रा व्यापार समूहका रहेका छन् भने सबैभन्दा थोरै ४.३ प्रतिशत उत्तरदाता ठूला उद्योग समूहका रहेका छन् ।

६. ***सर्वेक्षणमा सहभागी उद्योग/व्यवसायहरुको कर्जा सम्पत्ति अनुपात (Debt to Total Asset Ratio) औसतमा ४८.७ प्रतिशत रहेको देखिएको छ ।***

७. ***सर्वेक्षणमा सहभागी उद्योग/व्यवसायहरुको कुल खर्चमा स्थिर खर्च र चालु खर्चको हिस्सा क्रमशः ३७.६ प्रतिशत र ६२.४ प्रतिशत रहेको छ ।***

८. ***सर्वेक्षणमा सहभागीमध्ये ७४.३ प्रतिशत उद्योग/व्यवसायहरुले बैंक तथा वित्तीय संस्थाबाट र ८.७ प्रतिशतले बचत तथा ऋण सहकारी संस्थाबाट कर्जा लिएको देखिन्छ ।*** कर्जा नलिएका उद्योग/व्यवसायहरुको संख्या १२ प्रतिशत रहेको छ ।

९. ***बन्दाबन्दी अवधिमा सर्वेक्षणमा सहभागी ४ प्रतिशत उद्योग/व्यवसाय पूर्ण रुपमा सञ्चालनमा रहेका, ३५ प्रतिशत उद्योग/व्यवसाय आंशिक रुपमा सञ्चालनमा रहेका र ६१ प्रतिशत उद्योग/व्यवसायहरु पूर्णरुपमा बन्द रहेका पाइएका छन् ।***

१०. ***बन्दाबन्दी अवधिमा सर्वेक्षणमा सहभागी उद्योग/व्यवसायहरुमध्ये ९६.७ प्रतिशतले सामान्य अवस्थाको तुलनामा औसतमा ७३.८ प्रतिशत उत्पादन/कारोबार घटेको जनाएका छन् ।*** सहभागीमध्ये ०.९ प्रतिशत

उद्योग/व्यवसायहरुको उत्पादन/कारोबार १५.४ प्रतिशतले बढेको र २.४ प्रतिशतको उत्पादन/कारोबार पूर्ववत रहेको देखिएको छ ।

११. ***बन्दाबन्दी अवधिमा सर्वेक्षणमा सहभागी उद्योग/व्यवसायहरुले २२.५ प्रतिशत कर्मचारी/कामदार कटौती गरेको पाइएको छ । कटौती भएकामध्ये अस्थायी/करारका कामदार दुई तिहाइभन्दा धेरै रहेका छन् ।*** होटल तथा रेष्टुरेन्ट क्षेत्रले सबैभन्दा धेरै कर्मचारी/कामदार कटौती गरेको देखिएको छ । सो अवधिमा घरेलु उद्योग र लघु उद्यम/साना खुद्रा व्यापारहरुले अन्यको तुलनामा धेरै कर्मचारी/कामदार कटौती गरेको पाइएको छ ।

१२. ***बन्दाबन्दी अवधिमा सर्वेक्षणमा सहभागी उद्योग/व्यवसायहरुले औसतमा १८.२ प्रतिशत तलब कटौती गरेको पाइएको छ ।*** तलब कटौती गर्नेमा होटल तथा रेष्टुरेन्ट, यातायात तथा भण्डारण र शिक्षा क्षेत्र अगाडी रहेका छन् । यस्तै, ठूला उद्योग/व्यवसायहरुले अन्यको तुलनामा धेरै तलब कटौती गरेको देखिएको छ ।

१३. ***सर्वेक्षणमा सहभागी उद्योग/व्यवसायहरुले बन्दाबन्दीपश्चात् सामान्य अवस्थामा फर्कन औसतमा करिब ९ महिना लाग्ने बताएका छन् ।*** होटल तथा रेष्टुरेण्ट क्षेत्रलाई सामान्य अवस्थामा फर्कन १३ महिना लाग्ने देखिएको छ । ८२.३ प्रतिशत उद्योग/व्यवसायहरुले बन्दाबन्दीपश्चात् अहिलेकै व्यवसायलाई निरन्तरता दिने देखिएको भएतापनि केहीले व्यवसाय बिक्री वा बन्द गर्न चाहेको समेत देखिएको छ ।

१४. ***सर्वेक्षण अवधिको समाप्ति सम्ममा छुट प्राप्त गर्न योग्य सहभागी उद्योग/व्यवसायहरुमध्ये करिब २० प्रतिशतले नेपाल राष्ट्र बैंकको निर्देशन अनुसारको ब्याज छुट प्राप्त गरेको बताएका छन् ।*** ६९.९ प्रतिशत उद्योग/व्यवसायहरुले नेपाल सरकारले आर्थिक वर्ष २०७७/७८ को बजेटमा व्यवस्था गरे अनुसार ५ प्रतिशत ब्याजदरमा कर्जा प्राप्त भएमा कर्मचारी/कामदारको रोजगारीलाई पूर्ण रुपमा निरन्तरता दिन सक्ने बताएका छन् ।

१५. ***बन्दाबन्दी अवधिमा सर्वेक्षणमा सहभागी उद्योग/व्यवसायहरुलाई सञ्चालन खर्च व्यहोर्न चालु पूँजीको अभाव, उत्पादनको बिक्री वितरणमा कठिनाइ र बजारमा मागको कमीजस्ता समस्या रहेको देखिएको छ ।***

१६. ***बन्दाबन्दीपश्चात् वित्तीय साधन परिचालनका लागि बैंक तथा वित्तीय संस्थाबाट ऋण लिने, कर्मचारी/तलब कटौती गरी खर्च घटाउने, सहकारी संस्थाबाट ऋण लिने र नयाँ लगानी साझेदार खोज्ने जस्ता सोचमा सर्वेक्षणमा सहभागी उद्योग/व्यवसायहरु रहेको पाइएको छ ।***

१७. ***सर्वेक्षणमा सहभागी उद्योग/व्यवसायहरुले सरोकारवाला निकायबाट ब्याजदरमा सहुलियत, लचिलो किस्ता (ब्याज र साँवा) भुक्तानी सुविधा, आयकरमा सहुलियत, चालु पूँजीका निम्ति थप ऋण सुविधा र ऋण अवधि लम्ब्याउने सुविधाको अपेक्षा गरेको देखिएको छ ।***

# परिच्छेद १ : परिचय

## अध्ययनको पृष्ठभूमि

१.१ विश्वभर महामारीको रुपमा फैलिएको कोभिड-१९ प्रकोपले अनपेक्षित मानवीय एवम् आर्थिक क्षति सिर्जना गरेको छ । अप्रत्याशित रूपमा आइपरेको महामारीका कारण स्वास्थ्य संकट मात्र नभई आर्थिक संकटबाट समेत विश्व गुज्रिनु पर्ने भएको छ । अन्तर्राष्ट्रिय मुद्रा कोषले जुन २०२० मा गरेको प्रक्षेपण अनुसार सन् २०२० मा विश्वको कुल गार्हस्थ्य उत्पादन ४.९ प्रतिशतले संकुचन हुने देखिएको छ । यद्यपि कोभिड-१९ को संक्रमण र यसको असर कुन हदसम्म जान्छ अहिले नै यकिन गर्न सकिने अवस्था छैन । यसर्थ, महामारीले विश्व अर्थतन्त्रमा पार्ने प्रभाव प्रारम्भिक आकलनको तुलनामा अझ बढी हुनसक्ने देखिन्छ ।

१.२ कोभिड-१९ प्रकोपबाट विश्व अर्थतन्त्रसँगै नेपालको अर्थतन्त्र पनि प्रभावित भएको छ । महामारीको सघनता कम गर्न नेपाल सरकारले २०७६ चैत ११ बाट देशव्यापीरुपमा बन्दाबन्दी घोषणा गरेको थियो । यस क्रममा २०७७ जेठ मसान्तसम्म आधारभूत बाहेकका आर्थिक क्रियाकलापहरु बन्द रहेका थिए । २०७७ असार १ देखि बन्दाबन्दी खुकुलो गरिएतापनि आर्थिक क्रियाकलापहरु पूर्ण रुपमा सञ्चालनमा आउन सकेका छैनन् ।

१.३ बन्दाबन्दीका कारण आर्थिक वर्ष २०७६/७७ मा २.२८ प्रतिशत मात्र आर्थिक वृद्धि हासिल हुने केन्द्रीय तथ्याङ्क विभागको अनुमान छ । कुल गार्हस्थ्य उत्पादनका उपक्षेत्रहरुमध्ये खानी तथा उत्खनन, उत्पादनमूलक उद्योग, होटल तथा रेष्टुरेण्ट र यातायात, भण्डारण तथा सञ्चार क्षेत्रको वृद्धिदर नकारात्मक रहने अनुमान छ ।

१.४ कोभिड-१९ ले नेपालको अर्थतन्त्रमा पारेको असर र त्यसलाई सम्बोधन गर्न अवलम्बन गर्नुपर्ने नीतिगत व्यवस्थाबारे सुझाव पेश गर्न विभिन्न कार्यदल गठन भई अध्ययनहरु भएका छन् । उक्त अध्ययनहरु द्वितीयक तथ्याङ्क तथा अन्तर्राष्ट्रिय अभ्यास एवम् बौद्धिक तथा विवेकशील आकलनमा आधारित छन् । कोभिड–१९ ले अर्थतन्त्रमा पार्ने प्रभावलाई न्यूनीकरण गर्न विभिन्न अध्ययन प्रतिवेदनहरुलाई आधार मान्दै नेपाल सरकारको बजेट वक्तव्य र यस बैंकका विभिन्न परिपत्रमार्फत आर्थिक, मौद्रिक तथा वित्तीय सहुलियतका कार्यक्रमहरुको घोषणा गरिएका छन् ।

१.५ अर्थतन्त्रका विभिन्न क्षेत्र तथा उद्योग/व्यवसायमा परेको प्रभाव तथा आर्थिक क्षतिको आकलन गर्न प्राथमिक तथ्याङ्कमा आधारित सूक्ष्म अध्ययन गर्नु सान्दर्भिक देखिएकोले यो सर्वेक्षण गरिएको छ । अर्थतन्त्रका विभिन्न क्षेत्रमा परेका प्रभावको वस्तुगत अनुमान लगाउन प्राथमिक तथ्याङ्क महत्वपूर्ण रहने गर्दछ । विषेशगरी बन्दाबन्दी अवधिमा विभिन्न क्षेत्रका उद्योग/व्यवसायहरुले के कस्ता समस्याहरु भोग्नुपर्‍यो, सामान्य समयभन्दा उत्पादन तथा कारोबारमा के कति असर पर्‍यो, यस अवधिमा कुन क्षेत्रमा कति मानिसहरुले आफ्नो रोजगारी वा आय गुमाउनु पर्‍यो तथा बन्दाबन्दी रहिरहे के कति समयसम्म उद्योग/व्यवसाय सञ्चालन हुन सक्छन् भन्ने पक्षहरुको विश्लेषण आवश्यक रहने गर्दछ । महामारीपश्चात् समस्यामा रहेका उद्योग/व्यवसायहरुलाई सामान्यरुपमा सञ्चालनमा आउन कति समय लाग्छ, व्यवसाय सञ्चालनका लागि उनीहरुले आर्थिक स्रोतको व्यवस्थापन के कसरी गर्न सक्छन् तथा सरकार एवम् यस बैंकबाट उनीहरुले के कस्तो राहत तथा सहुलियतको अपेक्षा राखेका छन् जस्ता विषयहरुमा उनीहरुको

धारणा बुझ्न आवश्यक देखिएको सन्दर्भमा यो सर्वेक्षण गरिएको छ । यस सर्वेक्षणमा निम्न प्रश्नहरुलाई मुख्य अनुसन्धान प्रश्नको रुपमा लिइएको छ :

- महामारीले अर्थतन्त्रका विभिन्न क्षेत्रहरुमा के कस्तो प्रभाव पारेको छ ?
- उद्योग/व्यवसायको पूँजी संरचना कस्तो रहेको छ ?
- बन्दाबन्दीपश्चात् उद्योग/व्यवसायको सञ्चालन तथा वित्तीय रणनीतिहरु कस्ता रहेका छन् ?

## अध्ययनका उद्देश्यहरु

१.६ उपरोक्त अनुसन्धान प्रश्नहरुको आधारमा यस अध्ययनका उद्देश्यहरु निम्न रहेका छन् :

- कोभिड-१९ प्रकोप नियन्त्रणका लागि गरिएको बन्दाबन्दीबाट अर्थतन्त्रका विभिन्न क्षेत्रहरुमा परेको प्रभाव आकलन गर्ने ।
- उद्योग/व्यवसायको पूँजी संरचना पहिचान गर्ने ।
- बन्दाबन्दीपश्चात् उद्योग/व्यवसायको सञ्चालन तथा वित्तीय योजना पहिचान गर्ने ।

## अध्ययन विधि

१.७ यस अध्ययनमा प्राथमिक तथ्याङ्क तथा सूचना प्रयोग गरिएको छ । तथ्याङ्क तथा सूचना संकलन गर्न प्रश्नावलीमा आधारित गुगल फर्ममार्फत अनलाइन (Online) सर्वेक्षण विधि अपनाइएको छ ।

१.८ Andrews, Nonnecke र Preece (२००३) का अनुसार वेबमा आधारित सर्वेक्षण इमेल सर्वेक्षण भन्दा राम्रो हुने गर्दछ । वेबमा आधारित सर्वेक्षणमा सम्भावित उत्तरदाता पहिचान गरी इमेलका माध्यमबाट सर्वेक्षण गर्दा सहभागिता प्रभावकारी हुने उनीहरुको निश्कर्ष रहेको छ । त्यसैगरी, Evans र Mathur (२०१५) का अनुसार अनलाइन सर्वेक्षणमा छरितोपना, धेरै नमुनामा चाँडो पुग्न सहजता, लचिलोपना, तथ्याङ्क विश्लेषणमा सहजता, कम खर्चिलो, अनुगमन गर्न सजिलो लगायतका फाइदाहरु हुने गर्दछ ।

१.९ नेपालस्तरीय औद्योगिक वर्गीकरण (NSIC) ले अर्थतन्त्रलाई २१ खण्डमा वर्गीकरण गरेको छ । उक्त वर्गीकरणले समेटेकामध्ये सार्वजनिक प्रशासन तथा सुरक्षा, अनिवार्य सामाजिक सुरक्षासम्बन्धी क्रियाकलापहरु, रोजगारदाताका रुपमा घरपरिवारका घरायसी क्रियाकलापहरु, आफ्नो प्रयोगका लागि छुट्याउन नसकिने विभिन्न वस्तु तथा सेवाहरु उत्पादन गर्ने क्रियाकलापहरु र बाह्य संघसंस्था एवम् तीनका अङ्गहरूका क्रियाकलापहरु बाहेकका १८ खण्डका उद्योग/व्यवसायहरुलाई राष्ट्रिय आर्थिक गणना २०७५ मा समेटिएको छ । यस अध्ययनमा उक्त गणनामा समेटिएकामध्ये वित्तीय तथा बिमासम्बन्धी क्रियाकलापहरु बाहेकका अर्थतन्त्रका १७ खण्डहरुलाई १३ क्षेत्रमा (अनुसूची १ अनुसार) विभाजन गरी सर्वेक्षण गरिएको छ । उक्त १३ क्षेत्रका उद्योग तथा व्यवसायहरुलाई यस अध्ययनको लक्षित उत्तरदाताहरुको रुपमा लिइएको छ ।

१.१० सर्वेक्षणका लागि २०७७ जेठ २६ गतेदेखि असार १० गतेसम्म प्रतिक्रिया संकलन गरिएको थियो । सर्वेक्षणमा नेपाल राष्ट्र बैंक, अनुसन्धान विभाग र बैंकका प्रदेशस्थित कार्यालयहरुमार्फत सम्भावित उत्तरदाताहरु छनौट गरी इमेलमार्फत वेबसाइटमा रहेको लिंक शेयर गरिएको थियो । उत्तरदाताहरु छनौट गर्दा आवश्यकताअनुसार अर्थतन्त्रका सबै लक्षित क्षेत्रहरुलाई समावेश गरिएको थियो । यसका साथै सामाजिक सञ्जालको प्रयोग गरेर समेत लिंक शेयर गरी सम्भावित उत्तरदातासम्म पुग्ने प्रयास गरिएको

थियो । यसरी सर्वेक्षण अवधिभर जम्मा ६७९ उत्तरदाताहरुले सहभागिता जनाएका छन् जसमध्ये ९९.२६ प्रतिशत अर्थात ६७४ उत्तरदाताहरुको उत्तर मान्य रहेको छ । उत्तरदाताहरुको विस्तृत विश्लेषण परिच्छेद २ मा गरिएको छ ।

१.११ सर्वेक्षणको तथ्याङ्क विश्लेषण गर्दा राष्ट्रिय औसत निकाल्ने प्रयोजनका लागि राष्ट्रिय आर्थिक गणना, २०७५ अनुसारको उद्योग/व्यवसाय संख्यालाई भाराङ्कको रुपमा प्रयोग गरिएको छ (अनुसूची १) । तर रोजगारी कटौती गणना प्रयोजनका लागि भने राष्ट्रिय आर्थिक गणना, २०७५ मा उल्लिखित क्षेत्रगत रोजगारी संख्यालाई भाराङ्कको रुपमा प्रयोग गरिएको छ (अनुसूची २) ।

## प्रतिवेदनको ढाँचा


१.१२ यस अध्ययन प्रतिवेदनमा तीनवटा परिच्छेद रहेका छन् । परिच्छेद १ मा अध्ययनको पृष्ठभूमि, अध्ययनका उद्देश्यहरु, कृति समीक्षा, अध्ययन विधि र प्रतिवेदनको ढाँचा समावेश गरिएको छ । परिच्छेद २ मा सर्वेक्षणबाट प्राप्त तथ्याङ्क तथा सूचनाको प्रस्तुतीकरण तथा विश्लेषण गरिएको छ । परिच्छेद ३ मा अध्ययनको निश्कर्ष प्रस्तुत गरिएको छ ।

# परिच्छेद २ : तथ्याङ्क प्रस्तुतीकरण तथा विश्लेषण

## सर्वेक्षणमा सहभागी उत्तरदाताहरुको वर्गीकरण


२.१ **यस सर्वेक्षणमा ५२ जिल्लाका ६७४ उद्योग/व्यवसायहरुको सहभागिता रहेको छ ।** प्रदेश १ बाट सर्वाधिक २७.९ प्रतिशत, बागमती प्रदेशबाट २३.३ प्रतिशत र प्रदेश ५ बाट २०.० प्रतिशत नमुना प्राप्त भएका छन् । यसैगरी, गण्डकी प्रदेशबाट १२.८ प्रतिशत, सुदूरपश्चिम प्रदेशबाट ७.७ प्रतिशत, प्रदेश २ बाट ७.१ प्रतिशत र कर्णाली प्रदेशबाट १.२ प्रतिशत नमुना संकलन गरिएको छ ।

**चार्ट १ : प्रदेशगत नमुना विवरण (प्रतिशत)**




२.२ **सर्वेक्षणमा सहभागी व्यक्तिगत स्वामित्व (Sole Proprietorship) मा रहेका उद्योग/व्यवसायहरुमध्ये अधिकांश (८१.१ प्रतिशत) मा पुरुष स्वामित्व रहेको पाइएको छ ।** महिला स्वामित्व रहेका उद्योग/व्यवसायहरु १७.६ प्रतिशत र अन्य स्वामित्व रहेका उद्योग/व्यवसायहरु १.३ प्रतिशत रहेका छन् ।

**चार्ट २ : लिङ्गको आधारमा सर्वेक्षणमा सहभागी उद्योगी/व्यवसायी (प्रतिशत)**




२.३ **सर्वेक्षणमा औद्योगिक वर्गीकरण अनुसार थोक तथा खुद्रा व्यापारबाट सर्वाधिक २८.२ प्रतिशत, उत्पादनमुलक उद्योगबाट १८.२ प्रतिशत र होटल तथा रेष्टुरेन्टबाट १६.५ प्रतिशत नमुना प्राप्त भएका**

**छन्** । सबैभन्दा कम विद्युत्, ग्याँस तथा पानी क्षेत्रबाट ०.७ प्रतिशत र खानी तथा उत्खनन क्षेत्रबाट ०.९ प्रतिशतको सहभागिता रहेको छ ।

**तालिका १: औद्योगिक वर्गीकरणअनुसार नमुना संख्या**

| औद्योगिक वर्गीकरण | प्रतिशत |
|---|---|
| कृषि, वन तथा मत्स्यपालन | ५.६४ |
| खानी तथा उत्खनन | ०.८९ |
| उत्पादनमुलक उद्योग | १८.२५ |
| विद्युत्, ग्याँस तथा पानी | ०.७४ |
| निर्माण | ३.५६ |
| थोक तथा खुद्रा व्यापार | २८.१९ |
| होटल तथा रेष्टुरेन्ट | १६.४७ |
| यातायात तथा भण्डारण | २.५२ |
| सञ्चार | १.६३ |
| रियल स्टेट, भाडा तथा व्यावसायिक क्रियाकलापहरु | १.३४ |
| शिक्षा | ६.९७ |
| स्वास्थ्य तथा सामाजिक कार्यहरु | १.९३ |
| अन्य क्षेत्रहरु | ११.८७ |


२.४ **सर्वेक्षणमा दश वर्षभन्दा बढी अवधिदेखि सञ्चालनमा रहेका उद्योग/व्यवसायहरुको सहभागिता ३९ प्रतिशत रहेको छ** । ३ वर्ष वा सोभन्दा कम अवधि सञ्चालनमा रहेका नवप्रवर्तन (Startup) उद्योग/व्यवसायहरुको सहभागिता २३.७ प्रतिशत रहेको छ ।

**तलिका २ : सञ्चालन अवधिअनुसार नमुना संख्या**

| सञ्चालन अवधि | प्रतिशत | सञ्चित प्रतिशत |
|---|---|---|
| १ वर्ष | ६.८२ | ६.८२ |
| २ वर्ष | ९.०५ | १५.८८ |
| ३ वर्ष | ७.८६ | २३.७४ |
| ४ वर्ष | ८.०१ | ३१.७५ |
| ५ वर्ष | ७.४२ | ३९.१७ |
| ६ वर्ष | ४.९० | ४४.०७ |
| ७ वर्ष | ४.९० | ४८.९६ |
| ८ वर्ष | ४.०१ | ५२.९७ |
| ९ वर्ष | ३.४१ | ५६.३८ |
| १० वर्ष | ४.६० | ६०.९८ |
| १० वर्षभन्दा धेरै | ३९.०२ | १००.०० |


२.५ सर्वेक्षणमा सहभागी नवप्रवर्तनमध्ये कृषि, वन तथा मत्स्यपालन क्षेत्रबाट सबैभन्दा धेरै ५० प्रतिशत र सबैभन्दा थोरै उद्योग र शिक्षा क्षेत्रबाट समान १०.६ प्रतिशत रहेका छन् । त्यसैगरी, १० वा १० वर्षभन्दा बढी अवधि सञ्चालनमा रहेका उद्योग/व्यवसायमध्ये शिक्षा क्षेत्रबाट सबैभन्दा धेरै ७२.३ प्रतिशत र कृषि, वन तथा मत्स्यपालन क्षेत्रबाट सबैभन्दा कम १८.४ प्रतिशत रहेका छन् । विद्युत्, ग्यास तथा पानी क्षेत्रका १० वा १० वर्षभन्दा धेरै वर्ष सञ्चालनमा रहेका कुनै पनि उद्योग/व्यवसाय सहभागी रहेका छैनन् ।

**चार्ट ३ : औद्योगिक वर्गीकरण तथा सञ्चालन अवधि अनुसार नमुना संख्या (प्रतिशत)**




२.६ **सर्वेक्षणमा उद्योग/व्यवसायको आकारको आधारमा सर्वाधिक (४२.७ प्रतिशत) उत्तरदाता लघु उद्यम/साना खुद्रा व्यापार समूहका रहेका छन् भने सबैभन्दा थोरै (४.३ प्रतिशत) उत्तरदाता ठूला उद्योग समूहका रहेका छन् ।** त्यसैगरी, २३.३ प्रतिशत साना उद्योग/व्यवसायहरु, २१.७ प्रतिशत घरेलु उद्योग र ८ प्रतिशत मझौला उद्योग/व्यवसायहरुको सहभागिता रहेको छ ।


**चार्ट ४ : उद्योग/व्यवसायको आकारअनुसार नमुना संख्या**




## कर्जा सम्पत्ति अनुपात

२.७ **सर्वेक्षणमा सहभागी उद्योग/व्यवसायहरुको कर्जा सम्पत्ति अनुपात (Debt to Total Asset Ratio) औसतमा ४८.७ प्रतिशत रहेको देखिएको छ ।** रियल स्टेट, भाडा तथा व्यावसायिक क्रियाकलाप क्षेत्रमा यस्तो अनुपात सबैभन्दा धेरै ६०.१ प्रतिशत र सञ्चार क्षेत्रमा सबैभन्दा कम ३७.५ प्रतिशत रहेको पाइएको छ ।

**चार्ट ५ : औद्योगिक वर्गीकरणअनुसार कर्जा सम्पत्ति अनुपात (प्रतिशत)**




२.८ **उद्योग/व्यवसायको आकार अनुसार मझौला उद्योग/व्यवसायमा सबैभन्दा धेरै (५५.९ प्रतिशत) र घरेलु उद्योगमा सबैभन्दा कम (४२.३ प्रतिशत) कर्जा सम्पत्ति अनुपात रहेको देखिएको छ।** घरेलु उद्योग र साना उद्योग/व्यवसायहरुमा यस्तो अनुपात राष्ट्रिय औसतभन्दा कम र बाँकीमा औसतभन्दा धेरै रहेको पाइएको छ।


**तालिका ३ : उद्योग/व्यवसायको आकारअनुसार कर्जा सम्पत्ति अनुपात (प्रतिशत)**

| उद्योग/व्यवसायको आकार | कर्जा सम्पत्ति अनुपात |
|---|---|
| घरेलु उद्योग | ४२.२९ |
| लघु उद्यम/साना खुद्रा व्यापार | ४९.१२ |
| साना (रू. १५ करोडसम्म स्थिर पूँजी भएको) | ४७.९८ |
| मझौला (रू. १५-५० करोडसम्म स्थिर पूँजी भएको) | ५५.९४ |
| ठूला (रू. ५० करोड माथि स्थिर पूँजी भएको) | ४९.६४ |
| **राष्ट्रिय औसत** | **४८.६५** |

## खर्च संरचना

२.९ **सर्वेक्षणमा सहभागी उद्योग/व्यवसायहरुको कुल खर्चमा स्थिर खर्च र चालु खर्चको हिस्सा क्रमशः ३७.६ प्रतिशत र ६२.४ प्रतिशत रहेको देखिन्छ।** स्थिर खर्चको हिस्सा सबैभन्दा बढी (७० प्रतिशत) विद्युत, ग्याँस तथा पानी क्षेत्रमा र सबैभन्दा कम (२२.४ प्रतिशत) यातायात तथा भण्डारण क्षेत्रमा रहेको देखिन्छ। सोहीअनुरुप चालु खर्चको हिस्सा सबैभन्दा बढी (७७.६ प्रतिशत) यातायात तथा भण्डारण क्षेत्रमा र सबैभन्दा कम (३० प्रतिशत) विद्युत, ग्याँस तथा पानी क्षेत्रमा रहेको छ।

**चार्ट ६ : औद्योगिक वर्गीकरण अनुसार चालु र स्थिर खर्चको अंश (प्रतिशत)**




२.१० **लघु उद्यम/साना खुद्रा व्यापारको स्थिर खर्च सबैभन्दा धेरै (३७.७ प्रतिशत) र मझौला उद्योग/व्यवसायको सबैभन्दा कम (३०.९ प्रतिशत) रहेको देखिएको छ ।** यसैगरी, सबैभन्दा धेरै चालु खर्च मझौला उद्योग/व्यवसायको (६९.२ प्रतिशत) र सबैभन्दा कम चालु खर्च लघु उद्यम/साना खुद्रा व्यापारको (६२.३ प्रतिशत) रहेको देखिएको छ। लघु उद्यम/साना खुद्रा व्यापारको स्थिर खर्च राष्ट्रिय औसतभन्दा धेरै र चालु खर्च राष्ट्रिय औसतभन्दा कम रहेको पाइएको छ।

**तालिका ४ : उद्योग/व्यवसायको आकारअनुसार चालु र स्थिर खर्चको अंश (प्रतिशत)**

| उद्योग/व्यवसायको आकार | स्थिर खर्च | चालु खर्च |
|---|---|---|
| घरेलु उद्योग | ३३.५१ | ६६.४९ |
| लघु उद्यम/साना खुद्रा व्यापार | ३७.७१ | ६२.२९ |
| साना (रू.१५ करोडसम्म स्थिर पूँजी भएको) | ३४.८० | ६५.२० |
| मझौला (रू. १५-५० करोड सम्म स्थिर पूँजी भएको) | ३०.८५ | ६९.१५ |
| ठूला (रू. ५० करोड माथि स्थिर पूँजी भएको) | ३६.७६ | ६३.२४ |
| **राष्ट्रिय औसत** | **३७.५९** | **६२.४१** |

## कर्जाको स्रोत

२.११ **सर्वेक्षणमा सहभागीमध्ये ७२.९ प्रतिशत उद्योग/व्यवसायहरुले वाणिज्य बैंक, विकास बैंक र वित्त कम्पनीबाट कर्जा लिएको देखिएको छ ।** त्यसैगरी, करिब १.३५ प्रतिशतले लघुवित्त वित्तीय संस्थाबाट, ८.६५ प्रतिशतले बचत तथा ऋण सहकारी संस्थाबाट र ५.१५ प्रतिशतले अन्य श्रोतबाट कर्जा लिएको देखिएको छ। कर्जा नलिएका उद्योग/व्यवसायहरुको संख्या ११.९५ प्रतिशत रहेको पाइएको छ। कृषि, वन तथा मत्स्यपालन, खानी तथा उत्खनन, उत्पादनमुलक उद्योग, विद्युत् ग्याँस तथा पानी, निर्माण, होटल तथा रेष्टुरेन्ट, शिक्षा र स्वास्थ्य तथा सामाजिक कार्यहरुका क्षेत्रमा राष्ट्रिय औसतभन्दा बढी प्रतिशतले बैंक तथा वित्तीय संस्थाबाट कर्जा लिएको देखिएको छ।

**तालिका ५ : औद्योगिक वर्गीकरणअनुसार कर्जा स्रोत छनौट (प्रतिशत)**

| औद्योगिक वर्गीकरण | वाणिज्य बैंक, विकास बैंक र वित्त कम्पनी | लघुवित्त वित्तीय संस्था | सहकारी संस्था | अन्य | नलिएको |
|---|---|---|---|---|---|
| कृषि, वन तथा मत्स्यपालन | ७८.९५ | ०.०० | ७.८९ | ७.८९ | ५.२६ |
| खानी तथा उत्खनन | १००.०० | ०.०० | ०.०० | ०.०० | ०.०० |
| उत्पादनमुलक उद्योग | ८७.८० | १.६३ | ३.२५ | ३.२५ | ४.०७ |
| विद्युत, ग्याँस तथा पानी | १००.०० | ०.०० | ०.०० | ०.०० | ०.०० |
| निर्माण | ८३.३३ | ०.०० | ४.१७ | ४.१७ | ८.३३ |
| थोक तथा खुद्रा व्यापार | ६८.९५ | २.११ | १०.५३ | ५.२६ | १३.१६ |
| होटल तथा रेष्टुरेन्ट | ८६.४९ | ०.०० | ६.३१ | ०.९० | ६.३१ |
| यातायात तथा भण्डारण | ५२.९४ | ०.०० | १७.६५ | ५.८८ | २३.५३ |
| सञ्चार | २७.२७ | ०.०० | १८.१८ | २७.२७ | २७.२७ |
| रियल स्टेट, भाडा तथा व्यावसायिक क्रियाकलापहरु | ५५.५६ | ०.०० | ०.०० | २२.२२ | २२.२२ |
| शिक्षा | ७६.६० | ०.०० | २.१३ | १०.६४ | १०.६४ |
| स्वास्थ्य तथा सामाजिक कार्यहरु | ८४.६२ | ०.०० | ०.०० | ०.०० | १५.३८ |
| अन्य क्षेत्रहरु | ४८.७५ | ०.०० | १३.७५ | ११.२५ | २६.२५ |
| **राष्ट्रिय औसत** | **७२.९०** | **१.३५** | **८.६५** | **५.१५** | **११.९५** |

२.१२ **साना, मझौला र ठूला उद्योग/व्यवसायहरुले वाणिज्य बैंक, विकास बैंक र वित्त कम्पनीबाट घरेलु र लघु उद्यम/साना खुद्रा व्यापारको तुलनामा धेरै कारोबार गरेको पाइएको छ ।** लघुवित्त वित्तीय संस्था, सहकारी संस्था र अन्य स्रोतबाट कर्जा लिनेमा भने घरेलु र लघु उद्यम/साना खुद्रा व्यापार धेरै रहेको देखिएको छ ।

**तलिका ६ : उद्योग/व्यवसायको आकारअनुसार कर्जा स्रोत छनौट (प्रतिशत)**

| उद्योग/व्यवसायको आकार | वाणिज्य बैंक, विकास बैंक र वित्त कम्पनी | लघुवित्त वित्तीय संस्था | सहकारी संस्था | अन्य | नलिएको |
|---|---|---|---|---|---|
| घरेलु उद्योग | ६५.०७ | ०.६८ | १०.२७ | ९.५९ | १४.३८ |
| लघु उद्यम/साना खुद्रा व्यापार | ६७.७१ | १.७४ | १०.०७ | ७.२९ | १३.१९ |
| साना (रू. १५ करोडसम्म स्थिर पूँजी भएको) | ८५.३५ | ०.०० | १.९१ | १.९१ | १०.८३ |
| मझौला (रू. १५-५० करोडसम्म स्थिर पूँजी भएको) | ९२.५९ | ०.०० | ७.४१ | ०.०० | ०.०० |
| ठूला (रू. ५० करोड माथि स्थिर पूँजी भएको) | ८६.२१ | ०.०० | ३.४५ | ३.४५ | ६.९० |
| **राष्ट्रिय औसत** | **७२.९०** | **१.३५** | **८.६५** | **५.१५** | **११.९५** |

## बन्दाबन्दी अवधिमा उद्योग/व्यवसाय सञ्चालनको अवस्था

२.१३ **बन्दाबन्दी अवधिमा सर्वेक्षणमा सहभागी उद्योग/व्यवसायहरुमध्ये ४ प्रतिशत पूर्णरुपमा सञ्चालनमा रहेको, ३५ प्रतिशत आंशिकरुपमा सञ्चालनमा रहेको र ६१ प्रतिशत पूर्णरुपमा बन्द रहेको पाइएको छ ।** अन्य क्षेत्रको तुलनामा कृषि, वन तथा मत्स्यपालन, सञ्चार र स्वास्थ्य तथा सामाजिक कार्य क्षेत्रका धेरै

उद्योग/व्यवसायहरु पूर्णरुपमा सञ्चालनमा रहेका देखिएका छन् । यसैगरी, स्वास्थ्य तथा सामाजिक कार्य, खानी तथा उत्खनन, उत्पादनमूलक उद्योग, विद्युत् ग्याँस तथा पानी, कृषि वन तथा मत्स्यपालन क्षेत्रका आधा भन्दा बढी उद्योग/व्यवसायहरु आंशिकरुपमा सञ्चालनमा रहेको पाइएको छ । शिक्षा, होटल तथा रेष्टुरेन्ट, रियल स्टेट, भाडा तथा व्यावसायिक क्रियाकलापहरु, अन्य क्षेत्रहरु र यातायात तथा भण्डारण क्षेत्रका अधिकांश उद्योग/व्यवसायहरु भने सो अवधिभर सञ्चालनमा नरहेको देखिएको छ ।

**तालिका ७ : औद्योगिक वर्गीकरणअनुसार बन्दाबन्दी अवधिमा व्यवसाय सञ्चालन अवस्था (प्रतिशत)**

| औद्योगिक वर्गीकरण | पूर्ण सञ्चालन | आंशिक सञ्चालन | सञ्चालन हुन नसकेको |
|---|---|---|---|
| कृषि, वन तथा मत्स्यपालन | ३१.५८ | ५२.६३ | १५.७९ |
| खानी तथा उत्खनन | १६.६७ | ६६.६७ | १६.६७ |
| उत्पादनमूलक उद्योग | ५.६९ | ६०.१६ | ३४.१५ |
| विद्युत्, ग्याँस तथा पानी | ०.०० | ६०.०० | ४०.०० |
| निर्माण | ४.१७ | ३७.५० | ५८.३३ |
| थोक तथा खुद्रा व्यापार | २.११ | ४०.०० | ५७.८९ |
| होटल तथा रेष्टुरेन्ट | १.८० | ७.२१ | ९०.९९ |
| यातायात तथा भण्डारण | ०.०० | २३.५३ | ७६.४७ |
| सञ्चार | २७.२७ | ४५.४५ | २७.२७ |
| रियल स्टेट, भाडा तथा व्यावसायिक क्रियाकलापहरु | ०.०० | ११.११ | ८८.८९ |
| शिक्षा | ०.०० | ४.२६ | ९५.७४ |
| स्वास्थ्य तथा सामाजिक कार्यहरु | २३.०८ | ६९.२३ | ७.६९ |
| अन्य क्षेत्रहरु | ६.२५ | १५.०० | ७८.७५ |
| **राष्ट्रिय औसत** | **४.०५** | **३४.९२** | **६१.०३** |

२.१४ **बन्दाबन्दी अवधिमा ठूला र मझौला उद्योग/व्यवसायको तुलनामा घरेलु उद्योग, लघु उद्यम/साना खुद्रा व्यापार र साना उद्योग/व्यवसायहरु बढी प्रभावित रहेको पाइएको छ** । सो अवधिमा उद्योग/व्यवसाय सञ्चालन नगर्ने घरेलु उद्योग, लघु उद्यम/साना खुद्रा व्यापार र साना उद्योग/व्यवसायहरुको हिस्सा राष्ट्रिय औसतभन्दा धेरै रहेको देखिएको छ ।

**तालिका ८: उद्योग/व्यवसायको आकारअनुसार बन्दाबन्दी अवधिमा व्यवसाय सञ्चालन अवस्था (प्रतिशत)**

| उद्योग/व्यवसायको आकार | पूर्ण सञ्चालन | आंशिक सञ्चालन | सञ्चालन हुन नसकेको |
|---|---|---|---|
| घरेलु उद्योग | २.७४ | ३३.५६ | ६३.७० |
| लघु उद्यम/साना खुद्रा व्यापार | ५.९० | ३२.२९ | ६१.८१ |
| साना (रू. १५ करोडसम्म स्थिर पूँजी भएको) | ७.६४ | २८.६६ | ६३.६९ |
| मझौला (रू. १५-५० करोडसम्म स्थिर पूँजी भएको) | ५.५६ | ५०.०० | ४४.४४ |
| ठूला (रू. ५० करोड माथि स्थिर पूँजी भएको) | ६.९० | ४४.८३ | ४८.२८ |
| **राष्ट्रिय औसत** | **४.०५** | **३४.९२** | **६१.०३** |

## बन्दाबन्दी अवधिमा उत्पादन/कारोबारको अवस्था

२.१५ **बन्दाबन्दी अवधिमा सर्वेक्षणमा सहभागी उद्योग/व्यवसायहरुमध्ये ९६.७ प्रतिशतले सामान्य अवस्थाको तुलनामा औसतमा ७३.८ प्रतिशत उत्पादन/कारोबार घटेको जनाएका छन् ।** सहभागीमध्ये ०.९ प्रतिशत उद्योग/व्यवसायहरुको उत्पादन/कारोबार १५.४ प्रतिशतले बढेको र २.४ प्रतिशतको उत्पादन/कारोबार यथास्थितिमा रहेको देखिएको छ ।

**तालिका ९ : बन्दाबन्दी अवधिमा उत्पादन/कारोबारको अवस्था (औद्योगिक वर्गीकरणअनुसार)**

| औद्योगिक वर्गीकरण | घटेको जनाउने | | बढेको जनाउने | | यथास्थितिमा रहेको जनाउनेको संख्या (प्रतिशत) |
|---|---|---|---|---|---|
| | संख्या (प्रतिशत) | औसत मात्रा (प्रतिशत) | संख्या (प्रतिशत) | औसत मात्रा (प्रतिशत) | |
| कृषि वन तथा मत्स्यपालन | ८९.४७ | ४६.८५ | ०.०० | - | १०.५३ |
| खानी तथा उत्खनन | १००.०० | ६०.०० | ०.०० | - | ०.०० |
| उत्पादनमूलक उद्योग | ९५.१२ | ६२.२१ | १.६३ | २२.५० | ३.२५ |
| विद्युत, ग्याँस तथा पानी | ४०.०० | ९०.०० | ०.०० | - | ६०.०० |
| निर्माण | ९१.६७ | ६७.५५ | ४.१७ | ३६.०० | ४.१७ |
| थोक तथा खुद्रा व्यापार | ९७.३७ | ७०.६० | १.०५ | २२.५० | १.५८ |
| होटल तथा रेष्टुरेन्ट | ९९.१० | ९३.७१ | ०.०० | - | ०.९० |
| यातायात तथा भण्डारण | १००.०० | ८४.२८ | ०.०० | - | ०.०० |
| सञ्चार | ९०.९१ | ७३.५० | ०.०० | - | ९.०९ |
| रियल स्टेट, भाडा तथा व्यावसायिक क्रियाकलापहरु | १००.०० | ८७.७८ | ०.०० | - | ०.०० |
| शिक्षा | १००.०० | ८१.६६ | ०.०० | - | ०.०० |
| स्वास्थ्य तथा सामाजिक कार्यहरु | ९२.३१ | ६४.१७ | ०.०० | - | ७.६९ |
| अन्य क्षेत्रहरु | ९५.०० | ८२.४३ | १.२५ | ५.०० | ३.७५ |
| **राष्ट्रिय औसत** | ९६.७१ | ७३.८० | ०.८८ | १५.४४ | २.४२ |

२.१६ **बन्दाबन्दी अवधिमा ९७.३ प्रतिशत घरेलु उद्योगको औसतमा ७३ प्रतिशतले, ९७.२ प्रतिशत लघु उद्यम/साना खुद्रा व्यापारको औसतमा ७५.३ प्रतिशतले, ९५.५ प्रतिशत साना उद्योग/व्यवसायहरुको औसतमा ७६.६ प्रतिशतले, ९२.६ प्रतिशत मझौला उद्योग/व्यवसायहरुको औसतमा ६९.१ प्रतिशतले र ८६.२ प्रतिशत ठूला उद्योग/व्यवसायहरुको औसतमा ६८.५ प्रतिशतले उत्पादन/कारोबार घटेको पाइएको छ ।** सो अवधिमा उत्पादन/कारोबार बढ्ने र यथास्थितिमा रहने दुबैमा मझौला र ठूला उद्योग/व्यवसायहरुको हिस्सा राष्ट्रिय औसतभन्दा बढी रहेको देखिएको छ ।

**तालिका १० : बन्दाबन्दी अवधिमा उत्पादन/कारोबार अवस्था (उद्योग/व्यवसायको आकारअनुसार)**

| उद्योग/व्यवसायको आकार | घटेको जनाउने | | बढेको जनाउने | | यथास्थितिमा रहेको जनाउनेको संख्या (प्रतिशत) |
|---|---|---|---|---|---|
| | संख्या (प्रतिशत) | औसत मात्रा (प्रतिशत) | संख्या (प्रतिशत) | औसत मात्रा (प्रतिशत) | |
| घरेलु उद्योग | ९७.२६ | ७२.९९ | १.३७ | २८.०० | १.३७ |
| लघु उद्यम/साना खुद्रा व्यापार | ९७.२२ | ७५.२६ | ०.६९ | १५.०० | २.०८ |
| साना (रू. १५ करोडसम्म स्थिर पूँजी भएको) | ९५.५४ | ७६.६० | ०.०० | - | ४.४६ |
| मझौला (रू. १५-५० करोड सम्म स्थिर पूँजी भएको) | ९२.५९ | ६९.१४ | १.८५ | ३५.०० | ५.५६ |
| ठूला (रू. ५० करोड माथि स्थिर पूँजी भएको) | ८६.२१ | ६८.४५ | ३.४५ | १०.०० | १०.३४ |
| **राष्ट्रिय औसत** | ९६.७१ | ७३.८० | ०.८८ | १५.४४ | २.४२ |

## बन्दाबन्दी अवधिमा विद्युत् खपतको अवस्था

२.१७ **बन्दाबन्दी अवधिमा उद्योग/व्यवसायहरुको औसत बिजुली खपत उल्लेख्य मात्रामा घटेको देखिएको छ ।** सर्वेक्षणमा सहभागी उद्योग/व्यवसायहरुमध्ये ४६.६ प्रतिशतले पहिलेको भन्दा ७५ प्रतिशतसम्म कम, १९.२ प्रतिशतले पहिलेको भन्दा ५० प्रतिशतसम्म कम र १८.१ प्रतिशतले पहिलेको भन्दा २५ प्रतिशतसम्म कम

बिजुली खपत गरेको जनाएका छन् । सहभागीमध्ये १३.५ प्रतिशत उद्योग/व्यवसायहरुको बिजुली खपत पहिलेको जस्तै रहेको र २.६ प्रतिशतको बिजुली खपत बढेको पाइएको छ ।

**तालिका ११ : औद्योगिक वर्गीकरणअनुसार बन्दाबन्दी अवधिमा औसत बिजुली खपत (प्रतिशत)**

| औद्योगिक वर्गीकरण | पहिलेको भन्दा ७५ प्रतिशतसम्म कम | पहिलेको भन्दा ५० प्रतिशतसम्म कम | पहिलेको भन्दा २५ प्रतिशतसम्म कम | पहिलेको जस्तै | पहिलेको भन्दा बढी |
|---|---|---|---|---|---|
| कृषि, वन तथा मत्स्यपालन | १०.५३ | १८.४२ | १५.७९ | ५२.६३ | २.६३ |
| खानी तथा उत्खनन | ६६.६७ | १६.६७ | १६.६७ | ०.०० | ०.०० |
| उत्पादनमुलक उद्योग | ३८.४६ | ३२.४८ | १९.६६ | ७.६९ | १.७१ |
| विद्युत, ग्याँस तथा पानी | ६०.०० | ०.०० | २०.०० | २०.०० | ०.०० |
| निर्माण | ४३.४८ | ८.७० | २१.७४ | १७.३९ | ८.७० |
| थोक तथा खुद्रा व्यापार | ४६.२० | १५.७६ | १९.०२ | १६.३० | २.७२ |
| होटल तथा रेष्टुरेन्ट | ४८.१८ | २७.२७ | २२.७३ | ०.९१ | ०.९१ |
| यातायात तथा भण्डारण | ८१.२५ | ०.०० | १२.५० | ६.२५ | ०.०० |
| सञ्चार | २७.२७ | ०.०० | २७.२७ | ३६.३६ | ९.०९ |
| रियल स्टेट, भाडा तथा व्यावसायिक क्रियाकलापहरु | ४४.४४ | ३३.३३ | ११.११ | ११.११ | ०.०० |
| शिक्षा | ६७.३९ | २१.७४ | ८.७० | २.१७ | ०.०० |
| स्वास्थ्य तथा सामाजिक कार्यहरु | ३०.७७ | ०.०० | २३.०८ | ३०.७७ | १५.३८ |
| अन्य क्षेत्रहरु | ६०.७६ | १६.४६ | ६.३३ | १२.६६ | ३.८० |
| **राष्ट्रिय औसत** | ४६.६० | १९.२२ | १८.११ | १३.४७ | २.५९ |

२.१८ **उद्योग व्यवसायको आकार अनुसार हेर्दा पहिलेको भन्दा ७५ प्रतिशतसम्म बिजुली खपतमा गिरावट आएको जनाउनेमा अन्यको तुलनामा ठूला उद्योग/व्यवसाय (५३.५७ प्रतिशत) धेरै रहेका छन् ।** अन्य आकारका उद्योगहरुको पनि बिजुली खपतमा लगभग उस्तै गिरावट आएको देखिन्छ ।

**तालिका १२ :उद्योग/व्यवसायको आकारअनुसार बन्दाबन्दी अवधिमा औसत बिजुली खपत (प्रतिशत)**

| उद्योग/व्यवसायको आकार | पहिलेको भन्दा ७५ प्रतिशतसम्म कम | पहिलेको भन्दा ५० प्रतिशतसम्म कम | पहिलेको भन्दा २५ प्रतिशतसम्म कम | पहिलेको जस्तै | पहिलेको भन्दा बढी |
|---|---|---|---|---|---|
| घरेलु उद्योग | ४९.२९ | १७.१४ | १८.५७ | १२.८६ | २.१४ |
| लघु उद्यम/साना खुद्रा व्यापार | ४५.९१ | १९.९३ | १४.९५ | १६.०१ | ३.२० |
| साना (रू.१५ करोडसम्म स्थिर पूँजी भएको) | ४९.३५ | २०.१३ | १८.८३ | ११.०४ | ०.६५ |
| मझौला (रू. १५-५० करोडसम्म स्थिर पूँजी भएको) | ३३.३३ | ३३.३३ | २०.३७ | ७.४१ | ५.५६ |
| ठूला (रू. ५० करोड माथि स्थिर पूँजी भएको) | ५३.५७ | १४.२९ | २१.४३ | ७.१४ | ३.५७ |
| **राष्ट्रिय औसत** | ४६.६० | १९.२२ | १८.११ | १३.४७ | २.५९ |

## बन्दाबन्दी अवधिमा कर्मचारी/कामदार कटौतीको अवस्था

२.१९ **बन्दाबन्दी अवधिमा सर्वेक्षणमा सहभागी उद्योग/व्यवसायहरुले मुलुकभर झण्डै एक चौथाइ (२२.५ प्रतिशत) कर्मचारी/कामदार कटौती गरेको पाइएको छ ।** कटौती भएका मध्ये दुई तिहाइभन्दा बढी (७०.६ प्रतिशत) अस्थायी/करारका कामदार रहेको देखिएको छ । होटल तथा रेष्टुरेन्ट क्षेत्रले सबैभन्दा धेरै (४० प्रतिशत) कर्मचारी/कामदार कटौती गरेको देखिएको छ जसमा ५८.२ प्रतिशत अस्थायी कामदार रहेका छन् । शिक्षा क्षेत्रमा सबैभन्दा कम (५.६ प्रतिशत) कर्मचारी/कामदार कटौती गरेको पाइएको छ ।

**तालिका १३ : औद्योगिक वर्गीकरणअनुसार बन्दाबन्दी अवधिमा कर्मचारी/कामदार कटौतीको अवस्था (प्रतिशत)**

| औद्योगिक वर्गीकरण | कर्मचारी/कामदार कटौती | कटौती भएकामध्ये अस्थायी/करारको हिस्सा |
|---|---|---|
| कृषि, वन तथा मत्स्यपालन | २१.३५ | ८०.१९ |
| खानी तथा उत्खनन | १६.६७ | ७५.०० |
| उत्पादनमूलक उद्योग | २३.४९ | ६४.०८ |
| विद्युत्, ग्याँस तथा पानी | ३९.७१ | ४४.०९ |
| निर्माण | २३.६७ | ७८.५० |
| थोक तथा खुद्रा व्यापार | २४.८६ | ६७.६१ |
| होटल तथा रेष्टुरेन्ट | ४०.०८ | ५८.१९ |
| यातायात तथा भण्डारण | १८.२९ | ९१.६७ |
| सञ्चार | २१.३१ | ६४.२० |
| रियल स्टेट, भाडा तथा व्यावसायिक क्रियाकलापहरु | १८.७५ | ५०.०० |
| शिक्षा | ५.६० | ८८.३३ |
| स्वास्थ्य तथा सामाजिक कार्यहरु | १५.०० | ९४.०० |
| अन्य क्षेत्रहरु | २४.९० | ६०.४३ |
| **राष्ट्रिय औसत** | **२२.५०** | **७०.५९** |

२.२० **घरेलु उद्योग र लघु उद्यम/साना खुद्रा व्यापारहरुले बन्दाबन्दी अवधिमा राष्ट्रिय औसतभन्दा धेरै कर्मचारी/कामदार कटौती गरको पाइएको छ ।** सबैभन्दा धेरै कर्मचारी/कामदार कटौती गर्नेमा घरेलु उद्योग (३०.५ प्रतिशत) र सबैभन्दा कम कर्मचारी/कामदार कटौती गर्नेमा ठूला उद्योग (१४ प्रतिशत) रहेको देखिन्छ। कटौती भएकामध्ये अस्थायी कामदार धेरै कटौती गर्नेमा लघु उद्यम/साना खुद्रा व्यापार र स्थायी कर्मचारी/कामदार धेरै कटौती गर्नेमा ठूला उद्योग/व्यवसाय अग्रस्थानमा रहेको देखिन्छ।

**तालिका १४ :उद्योग/व्यवसायको आकारअनुसार बन्दाबन्दी अवधिमा कर्मचारी/कामदार कटौतीको अवस्था (प्रतिशत)**


| उद्योग/व्यवसायको आकार | कर्मचारी/कामदार कटौती | कटौती भएकामध्ये अस्थायी/करारको हिस्सा |
|---|---|---|
| घरेलु उद्योग | ३०.५२ | ६४.५२ |
| लघु उद्यम/साना खुद्रा व्यापार | २७.८० | ७३.६७ |
| साना (रू.१५ करोडसम्म स्थिर पूँजी भएको) | २०.९६ | ५५.९३ |
| मझौला (रू. १५-५० करोडसम्म स्थिर पूँजी भएको) | १६.९३ | ६०.०० |
| ठूला (रू. ५० करोड माथि स्थिर पूँजी भएको) | १३.९८ | ४५.०० |
| **राष्ट्रिय औसत** | **२२.५०** | **७०.५९** |

## बन्दाबन्दी अवधिमा तलब/सुविधाको अवस्था

२.२१ **बन्दाबन्दी अवधिमा सर्वेक्षणमा सहभागी उद्योग/व्यवसायहरुले औसतमा १८.२ प्रतिशतले तलब कटौती गरेको पाइएको छ** । होटल तथा रेष्टुरेन्ट क्षेत्रमा सबैभन्दा धेरै (३६.४ प्रतिशत) तलब कटौती भएको देखिएको छ। होटल तथा रेष्टुरेन्ट क्षेत्रपछि यातायात तथा भण्डारण क्षेत्रमा ३१.२ प्रतिशत र शिक्षा क्षेत्रमा

२१.१ प्रतिशतले तलब कटौती भएको छ । स्वास्थ्य तथा सामाजिक कार्य क्षेत्रमा ५.४ प्रतिशतले तलब कटौती गरेको पाइएको छ भने खानी तथा उत्खनन क्षेत्रमा तलब कटौती भएको देखिएको छैन ।

**चार्ट ७ : औद्योगिक वर्गीरणअनुसार बन्दाबन्दी अवधिमा तलब कटौतीको अवस्था (प्रतिशत)**




२.२२ **बन्दाबन्दी अवधिमा ठूला उद्योग/व्यवसायहरुले सबैभन्दा धेरै (२२.५ प्रतिशत) र मझौला उद्योग/व्यवसायहरुले सबैभन्दा कम (१३.६ प्रतिशत) ले तलब कटौती गरेको देखिएको छ ।** लघु उद्यम/साना खुद्रा व्यापार र ठूला उद्योग/व्यवसायहरुले राष्ट्रिय औसतभन्दा धेरै तलब कटौती गरेको पाइएको छ ।

**तालिका १५: उद्योग/व्यवसायको आकारअनुसार बन्दाबन्दी अवधिमा तलब कटौतीको अवस्था (प्रतिशत)**

| उद्योग/व्यवसायको आकार | तलब कटौती |
|---|---|
| घरेलु उद्योग | १७.७२ |
| लघु उद्यम/साना खुद्रा व्यापार | १९.४५ |
| साना (रू. १५ करोडसम्म स्थिर पूँजी भएको) | १८.१४ |
| मझौला (रू. १५-५० करोड सम्म स्थिर पूँजी भएको) | १३.५८ |
| ठूला (रू. ५० करोड माथि स्थिर पूँजी भएको) | २२.५३ |
| **राष्ट्रिय औसत** | **१८.१९** |

२.२३ **बन्दाबन्दी अवधिमा सर्वेक्षणमा सहभागी ११.२९ प्रतिशत उद्योग/व्यवसायहरुले कर्मचारी/कामदारलाई प्रदान गर्दै आएको भत्ता तथा अन्य सुविधाहरुमा ७५ देखि शतप्रतिशतसम्म कटौती गरेको देखिएको छ ।** उक्त अवधिमा ५.४८ प्रतिशत उद्योग/व्यवसायहरुले ५० देखि ७५ प्रतिशतसम्म, १०.३० प्रतिशतले २५ देखि ५० प्रतिशतसम्म र ९.४६ प्रतिशतले २५ प्रतिशतसम्म यस्ता सुविधाहरुमा कटौती गरेको पाइएको छ । भत्ता तथा अन्य सुविधा कटौती नगर्ने उद्योग/व्यवसायहरुको संख्या ६३.४८ प्रतिशत रहेको पाइएको छ ।

**तालिका १६ : औद्योगिक वर्गीकरणअनुसार भत्ता तथा अन्य सुविधा कटौतीको अवस्था (प्रतिशत)**

| औद्योगिक वर्गीकरण | ७५ देखि शत प्रतिशतसम्म कटौती गरेको | ५० देखि ७५ प्रतिशतसम्म कटौती गरेको | २५ देखि ५० प्रतिशतसम्म कटौती गरेको | २५ प्रतिशतसम्म कटौती गरेको | कटौती नगरेको |
|---|---|---|---|---|---|
| कृषि, वन तथा मत्स्यपालन | ५.२६ | ५.२६ | २.६३ | १३.१६ | ७३.६८ |
| खानी तथा उत्खनन | ०.०० | ०.०० | ०.०० | ०.०० | १००.०० |
| उत्पादनमुलक उद्योग | ६.५० | ३.२५ | ८.१३ | ८.९४ | ७३.१७ |
| विद्युत, ग्याँस तथा पानी | २०.०० | ०.०० | ०.०० | ०.०० | ८०.०० |
| निर्माण | ४.१७ | ४.१७ | १२.५० | १२.५० | ६६.६७ |
| थोक तथा खुद्रा व्यापार | १०.०० | ३.६८ | ७.८९ | ८.९५ | ६९.४७ |
| होटल तथा रेष्टुरेन्ट | १६.२२ | १४.४१ | २३.४२ | ९.९१ | ३६.०४ |
| यातायात तथा भण्डारण | २९.४१ | ५.८८ | ५.८८ | ११.७६ | ४७.०६ |
| सञ्चार | ०.०० | ९.०९ | ९.०९ | ०.०० | ८१.८२ |
| रियल स्टेट, भाडा तथा व्यावसायिक क्रियाकलापहरु | ०.०० | ११.११ | ०.०० | ०.०० | ८८.८९ |
| शिक्षा | १४.८९ | ८.५१ | ६.३८ | ८.५१ | ६१.७० |
| स्वास्थ्य तथा सामाजिक कार्यहरु | १५.३८ | ०.०० | ७.६९ | १५.३८ | ६१.५४ |
| अन्य क्षेत्रहरु | १६.२५ | ५.०० | १२.५० | ११.२५ | ५५.०० |
| **राष्ट्रिय औसत** | **११.२९** | **५.४८** | **१०.३०** | **९.४६** | **६३.४८** |

२.२४ **बन्दाबन्दी अवधिमा कर्मचारी/कामदारको भत्ता तथा अन्य सुविधा कटौती गर्नेमा साना उद्योग/व्यवसायहरु र लघु उद्यम/साना खुद्रा व्यापार अग्रस्थानमा रहेको देखिएको छ।** शत प्रतिशतसम्म सुविधा कटौती गर्नेमा भने ठूला उद्योग/व्यवसायहरु अगाडी छन्। यस्तो सुविधा कटौती नगर्नेमा मझौला उद्योगहरु अगाडि छन्।

**तालिका १७ : उद्योग/व्यवसायको आकारअनुसार बन्दाबन्दी अवधिमा भत्ता तथा अन्य सुविधा कटौतीको अवस्था (प्रतिशत)**

| उद्योग/व्यवसायको आकार | ७५ देखि शत प्रतिशतसम्म कटौती गरेको | ५० देखि ७५ प्रतिशतसम्म कटौती गरेको | २५ देखि ५० प्रतिशतसम्म कटौती गरेको | २५ प्रतिशतसम्म कटौती गरेको | कटौती नगरेको |
|---|---|---|---|---|---|
| घरेलु उद्योग | ९.५९ | ४.७९ | ८.९० | १०.९६ | ६५.७५ |
| लघु उद्यम/साना खुद्रा व्यापार | १२.१५ | ६.६० | ११.११ | ९.०३ | ६१.११ |
| साना (रू. १५ करोडसम्म स्थिर पूँजी भएको) | १२.१० | ५.७३ | १३.३८ | ८.२८ | ६०.५१ |
| मझौला (रू. १५-५० करोडसम्म स्थिर पूँजी भएको) | ५.५६ | ९.२६ | ७.४१ | ९.२६ | ६८.५२ |
| ठूला (रू. ५० करोड माथि स्थिर पूँजी भएको) | १७.२४ | ३.४५ | ३.४५ | १३.७९ | ६२.०७ |
| **राष्ट्रिय औसत** | **११.२९** | **५.४८** | **१०.३०** | **९.४६** | **६३.४८** |

२.२५ **बन्दाबन्दी अवधिमा सर्वेक्षणमा सहभागी ५.७ प्रतिशत उद्योग/व्यवसायहरुले बन्दाबन्दी अवधिमा काम गर्ने कर्मचारी/कामदारलाई थप सुविधा प्रदान गरेको देखिएको छ।** यस्तो सुविधा प्रदान गर्नेमा विद्युत्, ग्याँस तथा पानी, खानी तथा उत्खनन, कृषि, वन तथा मत्स्यपालन र स्वास्थ्य तथा सामाजिक कार्यहरु जस्ता क्षेत्रहरु अगाडि देखिएका छन्। यातायात तथा भण्डारण, रियल स्टेट, भाडा तथा व्यावसायिक क्रियाकलापहरु र शिक्षा क्षेत्रका उद्योग/व्यवसायहरुले भने यस्तो सुविधा प्रदान नगरेको देखिएको छ।

**तालिका १८ : औद्योगिक वर्गीकरणअनुसार बन्दाबन्दी अवधिमा भत्ता तथा अन्य सुविधा बढाएको वा नबढाएको (प्रतिशत)**

| औद्योगिक वर्गीकरण | नबढाएको | २५ प्रतिशतसम्म बढाएको | २५ देखि ५० प्रतिशतसम्म बढाएको | ५० देखि ७५ प्रतिशतसम्म बढाएको | ७५ देखि शत प्रतिशतसम्म बढाएको |
|---|---|---|---|---|---|
| कृषि, वन तथा मत्स्यपालन | ८४.२१ | १०.५३ | २.६३ | २.६३ | ०.०० |
| खानी तथा उत्खनन | ८३.३३ | १६.६७ | ०.०० | ०.०० | ०.०० |
| उत्पादनमूलक उद्योग | ८९.६६ | ७.७६ | १.७२ | ०.०० | ०.८६ |
| विद्युत, ग्याँस तथा पानी | ६०.०० | २०.०० | २०.०० | ०.०० | ०.०० |
| निर्माण | ९१.३० | ४.३५ | ४.३५ | ०.०० | ०.०० |
| थोक तथा खुद्रा व्यापार | ९५.६० | २.२० | १.६५ | ०.०० | ०.५५ |
| होटल तथा रेष्टुरेन्ट | ९४.३९ | २.८० | ०.०० | ०.९३ | १.८७ |
| यातायात तथा भण्डारण | १००.०० | ०.०० | ०.०० | ०.०० | ०.०० |
| सञ्चार | ९०.९१ | ९.०९ | ०.०० | ०.०० | ०.०० |
| रियल स्टेट, भाडा तथा व्यावसायिक क्रियाकलापहरु | १००.०० | ०.०० | ०.०० | ०.०० | ०.०० |
| शिक्षा | १००.०० | ०.०० | ०.०० | ०.०० | ०.०० |
| स्वास्थ्य तथा सामाजिक कार्यहरु | ८४.६२ | १५.३८ | ०.०० | ०.०० | ०.०० |
| अन्य क्षेत्रहरु | ९५.८३ | २.७८ | १.३९ | ०.०० | ०.०० |
| **राष्ट्रिय औसत** | ९४.२६ | ३.४९ | १.३८ | ०.२१ | ०.६७ |

२.२६ **बन्दाबन्दी अवधिमा काम गर्ने कर्मचारी/कामदारलाई थप सुविधा प्रदान गर्नेमा अन्यको तुलनामा ठूला उद्योग/व्यवसायहरुको हिस्सा धेरै रहेको पाइएको छ ।** थप सुविधा प्रदान गर्ने दोस्रो र तेस्रोमा क्रमशः मझौला र घरेलु उद्योग/व्यवसायहरु रहेका छन् ।

**तालिका १९ : उद्योग/व्यवसायको आकारअनुसार बन्दाबन्दी अवधिमा भत्ता तथा अन्य सुविधा बढाएको वा नबढाएको (प्रतिशत)**

| उद्योग/व्यवसायको आकार | नबढाएको | २५ प्रतिशतसम्म बढाएको | २५ देखि ५० प्रतिशतसम्म बढाएको | ५० देखि ७५ प्रतिशतसम्म बढाएको | ७५ देखि शत प्रतिशतसम्म बढाएको |
|---|---|---|---|---|---|
| घरेलु उद्योग | ९३.४८ | ३.६२ | २.१७ | ०.०० | ०.७२ |
| लघु उद्यम/साना खुद्रा व्यापार | ९४.५७ | ३.२६ | १.०९ | ०.७२ | ०.३६ |
| साना (रू. १५ करोडसम्म स्थिर पूँजी भएको) | ९४.०८ | ४.६१ | १.३२ | ०.०० | ०.०० |
| मझौला (रू. १५-५० करोडसम्म स्थिर पूँजी भएको) | ९०.५७ | ७.५५ | ०.०० | ०.०० | १.८९ |
| ठूला (रू. ५० करोड माथि स्थिर पूँजी भएको) | ८१.४८ | ११.११ | ३.७० | ०.०० | ३.७० |
| **राष्ट्रिय औसत** | ९४.२६ | ३.४९ | १.३८ | ०.२१ | ०.६७ |

## उद्योग/व्यवसायलाई निरन्तरता दिन सकिने अवधि

२.२७ **बन्दाबन्दी रहिरहे सर्वेक्षणमा सहभागी २९.५ प्रतिशत उद्योग/व्यवसायहरुले थप एक महिना मात्र आफ्नो उद्योग/व्यवसायलाई निरन्तरता दिन सकिने बताएका छन् ।** त्यस्तै, १३.७ प्रतिशतले दुई महिना, २५.१ प्रतिशतले तीन महिना, १६.६ प्रतिशतले छ महिना, ७.७ प्रतिशतले एक वर्ष र ७.४ प्रतिशतले एक वर्षभन्दा धेरै अवधि आफ्नो उद्योग/व्यवसायलाई निरन्तरता दिन सकिने बताएका छन् ।

**तालिका २० : औद्योगिक वर्गीकरणअनुसार बन्दाबन्दी रहिरहे व्यवसाय निरन्तरता दिन सकिने समयको आधारमा उद्योग/व्यवसाय (प्रतिशत)**

| औद्योगिक वर्गीकरण | १ महिना | २ महिना | ३ महिना | ६ महिना | १ वर्ष | १ वर्षभन्दा धेरै |
|---|---|---|---|---|---|---|
| कृषि, वन तथा मत्स्यपालन | २१.०५ | ७.८९ | २३.६८ | २३.६८ | १५.७९ | ७.८९ |
| खानी तथा उत्खनन | ३३.३३ | ३३.३३ | ०.०० | ३३.३३ | ०.०० | ०.०० |
| उत्पादनमुलक उद्योग | ३५.७७ | १६.२६ | १९.५१ | १८.७० | १.६३ | ८.१३ |
| विद्युत, ग्याँस तथा पानी | ६०.०० | ०.०० | २०.०० | २०.०० | ०.०० | ०.०० |
| निर्माण | २९.१७ | ८.३३ | ३७.५० | २०.८३ | ०.०० | ४.१७ |
| थोक तथा खुद्रा व्यापार | २८.९५ | १५.७९ | २३.६८ | १४.७४ | ९.४७ | ७.३७ |
| होटल तथा रेष्टुरेन्ट | २८.८३ | ९.०१ | २९.७३ | १८.९२ | ७.२१ | ६.३१ |
| यातायात तथा भण्डारण | ४१.१८ | १७.६५ | ३५.२९ | ०.०० | ५.८८ | ०.०० |
| सञ्चार | ३६.३६ | ०.०० | २७.२७ | ३६.३६ | ०.०० | ०.०० |
| रियल स्टेट, भाडा तथा व्यावसायिक क्रियाकलापहरु | ३३.३३ | ०.०० | २२.२२ | ११.११ | ३३.३३ | ०.०० |
| शिक्षा | २३.४० | १२.७७ | २९.७९ | २५.५३ | ४.२६ | ४.२६ |
| स्वास्थ्य तथा सामाजिक कार्यहरु | २३.०८ | ०.०० | ३८.४६ | ७.६९ | ७.६९ | २३.०८ |
| अन्य क्षेत्रहरु | ३१.२५ | ११.२५ | २८.७५ | १६.२५ | ५.०० | ७.५० |
| **राष्ट्रिय औसत** | **२९.५१** | **१३.६८** | **२५.१४** | **१६.५५** | **७.६७** | **७.४४** |

२.२८ **बन्दाबन्दी रहिरहे १ वर्षभन्दा धेरै अवधिसम्म व्यवसायलाई निरन्तरता दिन सकिने बताउनेमा अन्यको तुलनामा मझौला र ठूला उद्योग/ व्यवसायहरुको संख्या अलि धेरै रहेको देखिएको छ ।**

**तालिका २१ : उद्योग/व्यवसायको आकार अनुसारबन्दाबन्दी रहिरहे व्यवसाय निरन्तरता दिन सकिने समयको आधारमा उद्योग/व्यवसाय (प्रतिशत)**

| उद्योग/व्यवसायको आकार | १ महिना | २ महिना | ३ महिना | ६ महिना | १ वर्ष | १ वर्षभन्दा धेरै |
|---|---|---|---|---|---|---|
| घरेलु उद्योग | ३२.८८ | १३.०१ | २१.२३ | १७.८१ | ९.५९ | ५.४८ |
| लघु उद्यम/साना खुद्रा व्यापार | २९.१७ | १३.५४ | २७.७८ | १७.३६ | ५.५६ | ६.६० |
| साना (रू. १५ करोडसम्म स्थिर पूँजी भएको) | २७.३९ | १२.१० | २७.३९ | १९.७५ | ७.०१ | ६.३७ |
| मझौला (रू. १५-५० करोडसम्म स्थिर पूँजी भएको) | ३७.०४ | ७.४१ | २७.७८ | १२.९६ | ३.७० | ११.११ |
| ठूला (रू. ५० करोड माथि स्थिर पूँजी भएको) | ३१.०३ | १३.७९ | १७.२४ | २०.६९ | ६.९० | १०.३४ |
| **राष्ट्रिय औसत** | **२९.५१** | **१३.६८** | **२५.१४** | **१६.५५** | **७.६७** | **७.४४** |

## बन्दाबन्दी अवधिमा उद्योग/व्यवसायहरुले भोगेका मुख्य समस्याहरु

२.२९ **बन्दाबन्दी अवधिमा सर्वेक्षणमा सहभागी तीन चौथाइ भन्दा बढी (७७.२ प्रतिशत) उद्योग/व्यवसायहरुले तलब/ज्याला, घरभाडा र बैंक किस्ता जस्ता सञ्चालन खर्च व्यहोर्न चालु पूँजीको अभाव रहनु मुख्य समस्याको रुपमा रहेको बताएका छन् ।** त्यसपछि क्रमशः उत्पादनको बिक्री वितरणमा कठिनाइ र बजारमा मागको कमीजस्ता समस्या रहेको देखिएको छ ।

**तालिका २२ : बन्दाबन्दी अवधिमा भोगिएका प्रमुख पाँच समस्याहरु**

| समस्या | प्रतिशत |
|---|---|
| सञ्चालन खर्च (तलब ज्याला, घरभाडा, बैंक किस्ता) व्यहोर्न चालु पूँजीको अभाव | ७७.१५ |
| बिक्री वितरणमा कठिनाइ | ६१.१३ |
| मागको कमी | ५१.७८ |
| कच्चा पदार्थको अभाव | ३०.२७ |
| श्रमिकको अभाव | २५.२२ |

## ब्याज छुट प्राप्तिको अवस्था

२.३० **सर्वेक्षण अवधिको समाप्तिसम्ममा सहभागी उद्योग/व्यवसायहरुमध्ये करिब १७.३ प्रतिशतले नेपाल राष्ट्र बैंकको निर्देशन अनुसारको ब्याज छुट प्राप्त गरेको बताएका छन् ।** ७१.६ प्रतिशतले सो सुविधा प्राप्त नगरेको तथा ११.१ प्रतिशतले आफूलाई सो सुविधा लागू नहुने जनाएका छन् । ब्याज छुट प्राप्त गर्नेमा सबैभन्दा धेरै ३५.१ प्रतिशत कृषि, वन तथा मत्स्यपालन क्षेत्रका र सबैभन्दा कम १०.१ प्रतिशत अन्य क्षेत्रका उद्योग/व्यवसायहरु रहेको देखिएको छ । सञ्चार क्षेत्रका कुनै पनि उद्योग/व्यवसायहरुले यो सुविधा प्राप्त नगरेको देखिएको छ । यद्यपि ब्याज छुटको त्रैमासिक समायोजन असार मसान्तमा मात्रै हुने भएकोले सर्वेक्षण समयताका ब्याज छुटको यथार्थ अवस्था नआएको हुनसक्छ ।

**तालिका २३ : औद्योगिक वर्गीकरणअनुसार ब्याजमा सहुलियत प्राप्त गरे/नगरेको (प्रतिशत)**

| औद्योगिक वर्गीकरण | प्राप्त गरेको | प्राप्त नगरेको | लागू नहुने |
|---|---|---|---|
| कृषि, वन तथा मत्स्यपालन | ३५.१४ | ६४.८६ | ०.०० |
| खानी तथा उत्खनन | १६.६७ | ८३.३३ | ०.०० |
| उत्पादनमूलक उद्योग | १९.६६ | ७०.९४ | ९.४० |
| विद्युत्, ग्याँस तथा पानी | २५.०० | ७५.०० | ०.०० |
| निर्माण | २५.०० | ७०.८३ | ४.१७ |
| थोक तथा खुद्रा व्यापार | १४.८४ | ७२.५३ | १२.६४ |
| होटल तथा रेष्टुरेन्ट | २५.९३ | ७१.३० | २.७८ |
| यातायात तथा भण्डारण | २९.४१ | ५८.८२ | ११.७६ |
| सञ्चार | ०.०० | ६३.६४ | ३६.३६ |
| रियल स्टेट, भाडा तथा व्यावसायिक क्रियाकलापहरु | २२.२२ | ५५.५६ | २२.२२ |
| शिक्षा | १७.०२ | ६८.०९ | १४.८९ |
| स्वास्थ्य तथा सामाजिक कार्यहरु | १५.३८ | ७६.९२ | ७.६९ |
| अन्य क्षेत्रहरु | १०.१३ | ६९.६२ | २०.२५ |
| **राष्ट्रिय औसत** | **१७.३२** | **७१.५५** | **११.१३** |

२.३१ **नेपाल राष्ट्र बैंकको निर्देशन अनुसारको ब्याज छुट प्राप्त गर्नेमा साना र मझौला उद्योग/व्यवसाय सबैभन्दा अगाडी छन् ।**


**तालिका २४ : उद्योग/व्यवसायको आकारअनुसार ब्याजमा सहुलियत प्राप्त गरे/नगरेको (प्रतिशत)**

| उद्योग/व्यवसायको आकार | प्राप्त गरेको | प्राप्त नगरेको | लागू नहुने |
|---|---|---|---|
| घरेलु उद्योग | १८.१२ | ६७.३९ | १४.४९ |
| लघु उद्यम/साना खुद्रा व्यापार | १४.७४ | ७४.७४ | १०.५३ |
| साना (रू. १५ करोडसम्म स्थिर पूँजी भएको) | २५.३३ | ६४.०० | १०.६७ |
| मझौला (रू. १५-५० करोड सम्म स्थिर पूँजी भएको) | २५.९३ | ७२.२२ | १.८५२ |
| ठूला (रू. ५० करोड माथि स्थिर पूँजी भएको) | १८.५२ | ७०.३७ | ११.११ |
| **राष्ट्रिय औसत** | **१७.३२** | **७१.५५** | **११.१३** |

## सामान्य अवस्थामा फर्कन लाग्ने अवधि

२.३२ **सर्वेक्षणमा सहभागी उद्योग/व्यवसायहरुले बन्दाबन्दीपश्चात् सामान्य अवस्थामा फर्कन औसतमा करिब ९ महिना लाग्ने बताएका छन् ।** सामान्य अवस्थामा फर्कन सबैभन्दा बढी अवधि रियल स्टेट, भाडा तथा व्यावसायिक क्रियाकलाप क्षेत्र (१३.८ महिना) र होटल तथा रेष्टुरेन्ट क्षेत्र (१३.२ महिना) र सबैभन्दा कम अवधि (५.१ महिना) सञ्चार क्षेत्रमा लाग्ने उक्त क्षेत्रका उद्योग/व्यवसायहरुले बताएका छन् ।

**चार्ट ८ : औद्योगिक वर्गीकरणअनुसार सामान्य अवस्थामा फर्कन लाग्ने अवधि (महिना)**




२.३३ **सामान्य अवस्थामा फर्कन साना उद्योग/व्यवसायहरुलाई सबैभन्दा धैरै (९.५ महिना) र मझौला उद्योग/व्यवसायहरुलाई सबैभन्दा कम (८ महिना) लाग्ने पाइएको छ ।** सामान्य अवस्थामा फर्कन घरेलु उद्योग र मझौला उद्योग/व्यवसायहरुले राष्ट्रिय औसतभन्दा कम अवधि लाग्ने बताएका छन् ।

**तालिका २५ : उद्योग/व्यवसायको आकारअनुसार सामान्य अवस्थामा फर्कन लाग्ने अवधि**

| उद्योग/व्यवसायको आकार | सामान्य अवस्थामा फर्कन लाग्ने अवधि (महिना) |
|---|---|
| घरेलु उद्योग | ८.० |
| लघु उद्यम/साना खुद्रा व्यापार | ८.८ |
| साना (रू. १५ करोडसम्म स्थिर पूँजी भएको) | ९.५ |
| मझौला (रू. १५-५० करोडसम्म स्थिर पूँजी भएको) | ८.० |
| ठूला (रू. ५० करोड माथि स्थिर पूँजी भएको) | ९.३ |
| **राष्ट्रिय औसत** | ८.६ |

## बन्दाबन्दीपश्चात् व्यवसाय सञ्चालन योजना

२.३४ **सर्वेक्षणमा सहभागी अधिकांश (८२.३ प्रतिशत) उद्योग/व्यवसायहरुले बन्दाबन्दीपश्चात् अहिलेकै व्यवसायलाई निरन्तरता दिने बताएका छन् ।** कारोबार घटाएर अहिलेकै व्यवसायलाई निरन्तरता दिने

योजना रहेका उद्योग/व्यवसायहरुको संख्या ४.५ प्रतिशत रहेको छ भने नयाँ व्यवसाय शुरु गर्न चाहने ५ प्रतिशत रहेका छन् । त्यसैगरी, ५.४ प्रतिशतले व्यवसाय बिक्री गर्न र २.८ प्रतिशतले बन्द गर्न चाहेको बताएका छन् ।

**तालिका २६ : औद्योगिक वर्गीकरणअनुसार बन्दाबन्दीपछिको व्यवसाय सञ्चालन योजना**

| औद्योगिक वर्गीकरण | निरन्तरता दिने | कारोबार घटाउने | नयाँ व्यवसाय शुरु गर्ने | बिक्री गर्ने | बन्द गर्ने |
|---|---|---|---|---|---|
| कृषि, वन तथा मत्स्यपालन | ९२.११ | २.६३ | २.६३ | ०.०० | २.६३ |
| खानी तथा उत्खनन | ८३.३३ | १६.६७ | ०.०० | ०.०० | ०.०० |
| उत्पादनमुलक उद्योग | ८३.७४ | ५.६९ | २.४४ | ५.६९ | २.४४ |
| विद्युत्, ग्याँस तथा पानी | ८०.०० | २०.०० | ०.०० | ०.०० | ०.०० |
| निर्माण | ७९.१७ | ०.०० | ८.३३ | ४.१७ | ८.३३ |
| थोक तथा खुद्रा व्यापार | ८०.०० | ४.७४ | ६.८४ | ५.७९ | २.६३ |
| होटल तथा रेष्टुरेन्ट | ८८.२९ | ४.५० | १.८० | ४.५० | ०.९० |
| यातायात तथा भण्डारण | ६४.७१ | ०.०० | १७.६५ | ५.८८ | ११.७६ |
| सञ्चार | ९०.९१ | ९.०९ | ०.०० | ०.०० | ०.०० |
| रियल स्टेट, भाडा तथा व्यावसायिक क्रियाकलापहरु | ५५.५६ | ११.११ | ०.०० | २२.२२ | ११.११ |
| शिक्षा | ९१.४९ | ०.०० | २.१३ | ०.०० | ६.३८ |
| स्वास्थ्य तथा सामाजिक कार्यहरु | ६९.२३ | ७.६९ | ७.६९ | १५.३८ | ०.०० |
| अन्य क्षेत्रहरु | ८१.२५ | २.५० | ३.७५ | ६.२५ | ६.२५ |
| **राष्ट्रिय औसत** | **८२.३१** | **४.४८** | **५.०३** | **५.३८** | **२.८०** |

२.३५ **घरेलु उद्योग र लघु उद्यम/साना खुद्रा व्यापारको तुलनामा साना, मझौला र ठूला उद्योग/व्यवसायहरु बन्दाबन्दीपश्चात् अहिलेकै व्यवसायलाई निरन्तरता दिने पक्षमा रहेका देखिन्छन् ।**

**तालिका २७ : उद्योग/व्यवसायको आकारअनुसार बन्दाबन्दी पछिको व्यवसाय सञ्चालन योजना**

| उद्योग/व्यवसायको आकार | निरन्तरता दिने | कारोबार घटाउने | नयाँ व्यवसाय शुरु गर्ने | बिक्री गर्ने | बन्द गर्ने |
|---|---|---|---|---|---|
| घरेलु उद्योग | ८१.५१ | ५.४८ | ६.१६ | ३.४२ | ३.४२ |
| लघु उद्यम/साना खुद्रा व्यापार | ७८.८२ | ३.८२ | ५.५६ | ६.९४ | ४.८६ |
| साना (रू. १५ करोडसम्म स्थिर पूँजी भएको) | ८८.५४ | ४.४६ | १.२७ | ३.१८ | २.५५ |
| मझौला (रू. १५-५० करोडसम्म स्थिर पूँजी भएको) | ९०.७४ | १.८५ | ३.७० | ३.७० | ०.०० |
| ठूला (रू. ५० करोड माथि स्थिर पूँजी भएको) | ८६.२१ | ६.९० | ०.०० | ६.९० | ०.०० |
| **राष्ट्रिय औसत** | **८२.३१** | **४.४८** | **५.०३** | **५.३८** | **२.८०** |

## बन्दाबन्दीपश्चात्को वित्तीय योजना

२.३६ **बन्दाबन्दीपश्चात् वित्तीय साधन परिचालनका लागि सर्वेक्षणमा सहभागी करिब ८० प्रतिशत उद्योग/व्यवसायहरुले बैंक तथा वित्तीय संस्थाबाट ऋण लिने बताएका छन् ।** वित्तीय श्रोत व्यवस्थापनका लागि दोस्रो, तेस्रो र चौथो विकल्पको रुपमा क्रमशः खर्च घटाउने (कर्मचारी/तलब कटौती गर्ने), सहकारी संस्थाबाट ऋण लिने र नयाँ लगानी साझेदार खोज्ने रहेको पाइएको छ ।

**तालिका २८ : बन्दाबन्दीपश्चात् वित्तीय साधन परिचालनका प्रमुख पाँच विकल्पहरु**

| विकल्प | प्रतिशत |
|---|---|
| बैंक तथा वित्तीय संस्थाबाट ऋण लिने | ७९.९७ |
| खर्च घटाउने (कर्मचारी/ तलब कटौती गर्ने) | २६.४१ |
| सहकारी संस्थाबाट ऋण लिने | १२.६१ |
| नयाँ लगानी साझेदार खोज्ने | १०.९८ |
| केही नगर्ने | ६.५३ |

## सहुलियतपूर्ण कर्जा र रोजगारीको निरन्तरता

२.३७ **सर्वेक्षणमा सहभागी करिब ७० प्रतिशत उद्योग/व्यवसायहरुले नेपाल सरकारले आर्थिक वर्ष २०७७/७८ को बजेटमा व्यवस्था गरे अनुसार ५ प्रतिशत ब्याजदरमा कर्जा प्राप्त भएमा कर्मचारी/कामदारको रोजगारीलाई पूर्ण रुपमा निरन्तरता दिन सकिने बताएका छन्।** एक चौथाई भन्दा बढी (२५.९ प्रतिशत) उद्योग/व्यवसायीले आंशिक रुपमा मात्र निरन्तरता दिन सकिने बताएका छन् भने ४.२ प्रतिशतले सो सुविधा प्राप्त गरेतापनि कर्मचारी/कामदारलाई निरन्तरता दिन नसकिने बताएका छन्।

**तालिका २९ : औद्योगिक वर्गीकरणअनुसार सहुलियत कर्जा प्राप्त गरे रोजगारीलाई निरन्तरता दिन सकिने वा नसकिने (प्रतिशत)**

| औद्योगिक वर्गीकरण | पूर्ण रुपमा सकिने | आंशिक रुपमा सकिने | नसकिने |
|---|---|---|---|
| कृषि, वन तथा मत्स्यपालन | ७३.६८ | २१.०५ | ५.२६ |
| खानी तथा उत्खनन | १००.०० | ०.०० | ०.०० |
| उत्पादनमूलक उद्योग | ७९.३१ | १५.५२ | ५.१७ |
| विद्युत्, ग्याँस तथा पानी | १००.०० | ०.०० | ०.०० |
| निर्माण | ७५.०० | १२.५० | १२.५० |
| थोक तथा खुद्रा व्यापार | ७०.७६ | २५.७३ | ३.५१ |
| होटल तथा रेष्टुरेन्ट | ६६.०६ | २९.३६ | ४.५९ |
| यातायात तथा भण्डारण | ७०.५९ | २३.५३ | ५.८८ |
| सञ्चार | ४५.४५ | ४५.४५ | ९.०९ |
| रियल स्टेट, भाडा तथा व्यावसायिक क्रियाकलापहरु | ६६.६७ | २२.२२ | ११.११ |
| शिक्षा | ५८.७० | ३९.१३ | २.१७ |
| स्वास्थ्य र सामाजिक कार्यहरु | ६१.५४ | २३.०८ | १५.३८ |
| अन्य क्षेत्रहरु | ६४.१० | ३२.०५ | ३.८५ |
| **राष्ट्रिय औसत** | **६९.९१** | **२५.९३** | **४.१६** |

२.३८ **नेपाल सरकारले आर्थिक वर्ष २०७७/७८ को बजेटमा व्यवस्था गरे अनुसार ५ प्रतिशत ब्याजदरमा कर्जा प्राप्त भएमा आफ्ना कर्मचारी/कामदारलाई पूर्ण रुपमा निरन्तरता दिनसकिने बताउनेमा मझौला, घरेलु र साना उद्योग/व्यवसायहरु क्रमशः पहिलो, दोस्रो र तेस्रोमा रहेका छन् ।**

**तालिका ३० : उद्योग/व्यवसायको आकारअनुसार सहुलियत कर्जा प्राप्त गरे रोजगारीलाई निरन्तरता दिन सकिने वा नसकिने (प्रतिशत)**

| उद्योग/व्यवसायको आकार | नसकिने | आंशिक रुपमा सकिने | पूर्ण रुपमा सकिने |
|---|---|---|---|
| घरेलु उद्योग | ८.२१ | १७.९१ | ७३.८८ |
| लघु उद्यम/साना खुद्रा व्यापार | ४.३० | २९.०३ | ६६.६७ |
| साना (रू. १५ करोडसम्म स्थिर पूँजी भएको) | ३.३३ | २६.०० | ७०.६७ |
| मझौला (रू. १५-५० करोड सम्म स्थिर पूँजी भएको) | ३.७० | २०.३७ | ७५.९३ |
| ठूला (रू. ५० करोड माथि स्थिर पूँजी भएको) | ४.०० | २८.०० | ६८.०० |
| **राष्ट्रिय औसत** | **४.१६** | **२५.९३** | **६९.९१** |

## उद्योग/व्यवसायहरुले अपेक्षा गरेको सुविधा तथा सहयोग

२.३९ **सर्वेक्षणमा सहभागी दुई तिहाइभन्दा बढी (७६ प्रतिशत) उद्योग/व्यवसायहरुले ब्याजदरमा सहुलियत प्राप्त गर्न चाहेको देखिएको छ ।** त्यसपछि, क्रमशः किस्ता (ब्याज र साँवा) भुक्तानी सुविधामा सहजीकरण, आयकरमा सहुलियत, चालु पूँजीका निम्ति थप ऋण सुविधा र ऋण अवधि लम्ब्याउने सुविधा प्राप्त गर्न चाहेको देखिएको छ ।

**तालिका ३१ : उद्योग/व्यवसायहरुले अपेक्षा गरेको सुविधा तथा सहयोग**

| सुविधा तथा सहयोगको प्रकार | प्रतिशत |
|---|---|
| ब्याजदरमा सहुलियत | ७६.० |
| लचिलो किस्ता (ब्याज र साँवा) भुक्तानी सुविधा | ५७.९ |
| आयकरमा सहुलियत | ५४.७ |
| चालु पूँजीका निम्ति थप ऋण सुविधा | ४९.७ |
| ऋण अवधि लम्ब्याउने सुविधा | ४७.० |

# परिच्छेद ३ : निश्कर्ष

## निश्कर्ष

३.१ सर्वेक्षणमा सहभागी उद्योग/व्यवसायहरुको कुल खर्चमा स्थिर खर्च र चालु खर्चको हिस्सा क्रमशः ३७.६ प्रतिशत र ६२.४ प्रतिशत रहेको देखिन्छ । चालु खर्चको हिस्सा अधिक रहनुले बिषम परिस्थितिपश्चात् उद्योग/व्यवसायहरुलाई चालु पूँजीको समस्या हुनेतर्फ संकेत गर्छ ।

३.२ सर्वेक्षणमा सहभागी उद्योग/व्यवसायहरुमध्ये ७४.३ प्रतिशत उद्योग/व्यवसायहरुले बैंक तथा वित्तीय संस्थाबाट र ८.७ प्रतिशतले बचत तथा ऋण सहकारी संस्थाबाट कर्जा लिएको देखिन्छ ।

३.३ बन्दाबन्दी अवधिमा सर्वेक्षणमा सहभागी ४ प्रतिशत उद्योग/व्यवसाय पूर्ण रुपमा सञ्चालनमा रहेको, ३५ प्रतिशत उद्योग/व्यवसाय आंशिक रुपमा सञ्चालनमा रहेको र ६१ प्रतिशत उद्योग/व्यवसायहरु पूर्णरुपमा बन्द रहेको पाइएको छ । यसरी अधिकांश उद्योग/व्यवसायहरु पूर्णरुपमा बन्द रहनुले बन्दाबन्दीले अर्थतन्त्रमा गहिरो असर पारेको देखिन्छ । शिक्षा, होटल तथा रेष्टुरेन्ट, रियल स्टेट, भाडा तथा व्यावसायिक क्रियाकलापहरु र यातायात तथा भण्डारण क्षेत्रमा अधिक असर परेको देखिएको छ । बन्दाबन्दी अवधिमा ठूला र मझौला उद्योग/व्यवसायको तुलनामा घरेलु उद्योग, लघु उद्यम/साना खुद्रा व्यापार र साना उद्योग/व्यवसायहरु बढी प्रभावित भएको समेत देखिएको छ ।

३.४ बन्दाबन्दी अवधिमा सर्वेक्षणमा सहभागी उद्योग/व्यवसायहरुले २२.५ प्रतिशत कर्मचारी/कामदार कटौती गरेको पाइएको छ । कटौती भएका मध्ये अस्थायी/करारका कामदार दुई तिहाइभन्दा धेरै रहेका छन् । होटल तथा रेष्टुरेन्ट क्षेत्रले सबैभन्दा धेरै कर्मचारी/कामदार कटौती गरेको देखिएको छ । सो अवधिमा घरेलु उद्योग र लघु उद्यम/साना खुद्रा व्यापारहरुले अन्यको तुलनामा धेरै कर्मचारी/कामदार कटौती गरेको पाइएको छ ।

३.५ बन्दाबन्दी अवधिमा सर्वेक्षणमा सहभागी उद्योग/व्यवसायहरुले औसतमा १८.२ प्रतिशत तलब कटौती गरेको पाइएको छ । यसका साथै कर्मचारी/कामदारलाई प्रदान गर्दै आएको भत्ता तथा अन्य सुविधाहरुमा समेत उल्लेख्य रुपमा कटौती गरेको देखिएको छ । तलब कटौती गर्नेमा होटल तथा रेष्टुरेन्ट, यातायात तथा भण्डारण र शिक्षा क्षेत्र अगाडी रहेका छन् । यस्तै, ठूला उद्योग/व्यवसायहरुले अन्यको तुलनामा धेरै प्रतिशत तलब कटौती गरेको देखिएको छ ।

३.६ बन्दाबन्दी अवधिमा सर्वेक्षणमा सहभागी उद्योग/व्यवसायहरुमध्ये ९६.७ प्रतिशतले सामान्य अवस्थाको तुलनामा औसतमा ७३.८ प्रतिशत उत्पादन/कारोबार घटेको जनाएका छन् । बन्दाबन्दी अवधिमा ८३.९ प्रतिशत उद्योग/व्यवसायहरुको औसत बिजुली खपत घट्नुले समेत सो तथ्यलाई थप पुष्टि गर्दछ । ठूलो परिमाणमा उद्योग/व्यवसायहरुको उत्पादन/कारोबार घट्नुले आर्थिक क्रियाकलापमा उल्लेख्य कमी आएको देखाउँछ ।

३.७ बन्दाबन्दी रहिरहे उद्योग/व्यवसायहरुले आफ्नो उद्योग/व्यवसायलाई लामो समय निरन्तरता दिन नसक्ने देखिएको छ । अर्कोतर्फ, सर्वेक्षणमा सहभागी उद्योग/व्यवसायहरुलाई बन्दाबन्दीपश्चात् सामान्य अवस्थामा फर्कन औसतमा करिब ९ महिना लाग्ने समेत देखिएको छ ।

३.८ सर्वेक्षणमा सहभागी अधिकांश उद्योग/व्यवसायहरुले बन्दाबन्दीपश्चात् अहिलेकै व्यवसायलाई निरन्तरता दिने देखिएको भएतापनि केहीले व्यवसाय बिक्री वा बन्द गर्न चाहेको समेत देखिएको छ । बन्द गर्न चाहनेमा केही घरेलु उद्योग, लघु उद्यम/साना खुद्रा व्यापार र साना उद्योग/व्यवसायहरु रहेका छन् ।

३.९ सर्वेक्षणमा सहभागी अधिकांश उद्योग/व्यवसायहरुले नेपाल सरकारले आर्थिक वर्ष २०७७/७८ को बजेटमा व्यवस्था गरे अनुसार ५ प्रतिशत ब्याजदरमा कर्जा प्राप्त भएमा कर्मचारी/कामदारको रोजगारीलाई पूर्ण रुपमा निरन्तरता दिन सक्ने देखिएको छ ।

३.१० बन्दाबन्दी अवधिमा सर्वेक्षणमा सहभागी उद्योग/व्यवसायहरुलाई सञ्चालन खर्च व्यहोर्न चालु पूँजीको अभाव, उत्पादनको बिक्री वितरणमा कठिनाइ र बजारमा मागको कमी लगायतका समस्याहरु रहेको देखिएको छ ।

३.११ सर्वेक्षणमा सहभागी उद्योग/व्यवसायहरुको कर्जा सम्पत्ति अनुपात औसतमा ४८.७ प्रतिशत रहेको देखिएको छ । उच्च कर्जा सम्पत्ति अनुपातले कमजोर पूँजी संरचनाको अवस्थालाई इङ्गित गर्छ । अर्थतन्त्रका अधिकांश क्षेत्रमा कर्जा सम्पत्ति अनुपात झण्डै आधा देखिनुले वास्तविक अर्थतन्त्रमा पर्ने नकारात्मक प्रभावको प्रत्यक्ष असर वित्तीय क्षेत्र स्थायित्वमा सहजै पर्न सक्नेतर्फ संकेत गर्छ ।

३.१२ बन्दाबन्दीपश्चात् वित्तीय साधन परिचालनका लागि बैंक तथा वित्तीय संस्थाबाट ऋण लिने, कर्मचारी/तलब कटौती गरी खर्च घटाउने, सहकारी संस्थाबाट ऋण लिने र नयाँ लगानी साझेदार खोज्ने जस्ता सोचमा सर्वेक्षणमा सहभागी उद्योगी/व्यवसायीहरु रहेको पाइएको छ ।

३.१३ सर्वेक्षणमा सहभागी उद्योगी/व्यवसायीहरुले ब्याजदरमा सहुलियत, लचिलो किस्ता (ब्याज र साँवा) भुक्तानी सुविधा, आयकरमा सहुलियत, चालु पूँजीका निम्ति थप ऋण सुविधा र ऋणको भाका सार्ने सुविधा माग गरेका छन् ।

# सन्दर्भ सामग्री


Andrews, D., Nonnecke, B., & Preece, J. (2003). Conducting Research on the Internet : Online Survey Design, Development and Implementation Guidelines. *International Journal of Human-Computer Interaction.*

Central Bureau of Statistics. (July 2019). *National Economic Census 2018.* Kathmandu.

Central Bureau of Statistics. *Nepal Standard Industrial Classification.* Kathmandu.

Evans, J. R., & Mathur, A. (2015). The value of online surveys. *www.emeraldinsight.com/researchregister*.

# अनुसूचीहरु

## अनुसूची १ : औद्योगिक वर्गीकरणअनुसार उद्योग/व्यवसायको संख्या आधारमा भाराङ्क बाँडफाँड

| क्र.सं. | औद्योगिक वर्गीकरण | NSIC वर्गीकरण | भाराङ्क | अध्ययनमा प्रयोग भएको भाराङ्क |
|---|---|---|---|---|
| १ | कृषि, वन तथा मत्स्यपालन | A | ०.०२६२ | ०.०२६७ |
| २ | खानी तथा उत्खनन | B | ०.०००७ | ०.०००७ |
| ३ | उत्पादनमुलक उद्योग | C | ०.११२७ | ०.११४९ |
| ४ | विद्युत्, ग्याँस तथा पानी | D, E | ०.००४० | ०.००४१ |
| ५ | निर्माण | F | ०.००१७ | ०.००१७ |
| ६ | थोक तथा खुद्रा व्यापार | G | ०.५३९४ | ०.५५०१ |
| ७ | होटल तथा रेष्टुरेन्ट | I | ०.१४१४ | ०.१४४२ |
| ८ | यातायात तथा भण्डारण | H | ०.००३४ | ०.००३५ |
| ९ | सञ्चार | J | ०.००३० | ०.००३१ |
| १० | रियल स्टेट, भाडा तथा व्यावसायिक क्रियाकलापहरु | L | ०.०००२ | ०.०००२ |
| ११ | शिक्षा | P | ०.०४४२ | ०.०४५१ |
| १२ | स्वास्थ्य तथा सामाजिक कार्यहरु | Q | ०.०२१६ | ०.०२२० |
| १३ | अन्य क्षेत्रहरु© | M, N, R & S | ०.०८२० | ०.०८३६ |
| | **जम्मा** | | ०.९८०५ | १.०००० |

स्रोत : राष्ट्रिय आर्थिक गणना २०७५, केन्द्रीय तथ्याङ्क विभाग

नोट : राष्ट्रिय आर्थिक गणना २०७५ मा भएकामध्ये वित्तीय तथा बिमासम्बन्धी क्रियाकलापहरु समावेश नगरिएको ।

© पेशागत, वैज्ञानिक तथा प्राविधिक क्रियाकलापहरु; प्रशासनिक तथा सहयोगी सेवाका क्रियाकलापहरु; कला, मनोरञ्जन तथा मनोविनोद; र अन्य सेवा प्रदान गर्ने क्रियाकलापहरु समावेश गरिएको ।

**अनुसूची २ : औद्योगिक वर्गीकरणअनुसार रोजगार संख्याको आधारमा भाराङ्क बाँडफाँड**

| क.सं. | औद्योगिक वर्गीकरण | NSIC वर्गीकरण | भाराङ्क | अध्ययनमा प्रयोग भएको भाराङ्क |
|---|---|---|---|---|
| १ | कृषि, वन तथा मत्स्यपालन | A | ०.०३३० | ०.०३५३ |
| २ | खानी तथा उत्खनन | B | ०.००२४ | ०.००२६ |
| ३ | एत्पादनमूलक उद्योग | C | ०.१५८१ | ०.१६८९ |
| ४ | विद्युत्, ग्याँस तथा पानी | D, E | ०.०१०९ | ०.०११६ |
| ५ | निर्माण | F | ०.००४६ | ०.००४९ |
| ६ | थोक तथा खुद्रा व्यापार | G | ०.३०६१ | ०.३२७१ |
| ७ | होटल तथा रेष्टुरेन्ट | I | ०.१०७३ | ०.११४७ |
| ८ | यातायात तथा भण्डारण | H | ०.००६२ | ०.००६६ |
| ९ | सञ्चार | J | ०.०१२३ | ०.०१३१ |
| १० | रियल स्टेट, भाडा तथा व्यावसायिक क्रियाकलापहरु | L | ०.०००६ | ०.०००६ |
| ११ | शिक्षा | P | ०.१५९० | ०.१६९९ |
| १२ | स्वास्थ्य तथा सामाजिक कार्यहरु | Q | ०.०५१० | ०.०५४५ |
| १३ | अन्य क्षेत्रहरु | M, N, R & S | ०.०८४३ | ०.०९०१ |
| | **जम्मा** | | ०.९३५८ | १.०००० |

स्रोत : राष्ट्रिय आर्थिक गणना २०७५, केन्द्रीय तथ्याङ्क विभाग

नोट : राष्ट्रिय आर्थिक गणना २०७५ मा भएकामध्ये वित्तीय तथा बिमासम्बन्धी क्रियाकलापहरु समावेश नगरिएको ।

© पेशागत, वैज्ञानिक तथा प्राविधिक क्रियाकलापहरु; प्रशासनिक तथा सहयोगी सेवाका क्रियाकलापहरु; कला, मनोरञ्जन तथा मनोविनोद; र अन्य सेवा प्रदान गर्ने क्रियाकलापहरु समावेश गरिएको ।

# अनुसूची ३

## कोभिड–१९ ले अर्थतन्त्रमा पारेको प्रभाव सम्बन्धी सर्वेक्षण

यस प्रश्नावलीमा सोधिएका विवरण तथ्याङ्क ऐन, २०१५ अनुसार गोप्य रहनेछन् । कुनै पनि उत्तरदाताको विवरण व्यक्तिगतरूपमा देखिने गरी प्रकाशन गरिने छैन । संकलित विवरणहरू सामुहिक रूपमा तथ्याङ्कीय प्रयोजनको लागि मात्र प्रयोग गरिने छ ।

यो प्रश्नावली वित्तीय क्षेत्र बाहेकका लागि लक्षित गरिएको छ ।

* Required

Email address *

[illegible]

एकभन्दा बढी उद्योग/व्यवसाय भएमा अलग अलग प्रश्नावली फारम भर्नुहोस्

१. उद्योग /व्यवसायको नाम : *

२(क). उद्योग /व्यवसाय रहेको जिल्ला :

२(ख). उद्योग /व्यवसाय रहेको प्रदेश : *

*Mark only one oval.*

- ⬭ प्रदेश १
- ⬭ प्रदेश २
- ⬭ बागमति
- ⬭ गण्डकी
- ⬭ प्रदेश ५
- ⬭ कर्णाली
- ⬭ सुदूरपश्चिम

३. उद्योग/व्यवसाय धनीको नाम:

एकल स्वामित्व भएको उद्योग/व्यवसायले मात्र भर्नुहोस्

४. उद्योग/व्यवसाय धनीको लिङ्ग :

एकल स्वामित्व भएको उद्योग/व्यवसायले मात्र भर्नुहोस्

*Mark only one oval.*

- ⬭ महिला
- ⬭ पुरुष
- ⬭ अन्य

५. उत्तरदाताको नाम :

६. सम्पर्क मोबाइल नं : *

७. तपाईंको उद्योग/व्यवसायको प्रकृति के हो ? *

*Mark only one oval.*

- ◯ कृषि (पशुपालन समेत), वन तथा मत्स्यपालन
- ◯ खानी तथा उत्खनन
- ◯ उत्पादनमूलक उद्योग
- ◯ बिजुली, ग्यास तथा पानी
- ◯ निर्माण
- ◯ थोक तथा खुद्रा व्यापार
- ◯ यातायात तथा भण्डारण
- ◯ सञ्चार
- ◯ होटल तथा रेष्टुराँ
- ◯ घरजग्गा, भाडा तथा व्यवसायिक क्रियाकलाप
- ◯ शिक्षा
- ◯ स्वास्थ्य तथा सामाजिक सेवा
- ◯ अन्य क्षेत्रहरू

८. कति वर्षदेखि उद्योग/व्यवसाय गर्दै आउनुभएको छ ? *

*Mark only one oval.*

- ◯ १
- ◯ २
- ◯ ३
- ◯ ४
- ◯ ५
- ◯ ६
- ◯ ७
- ◯ ८
- ◯ ९
- ◯ १०
- ◯ १० वर्ष भन्दा धेरै

९. तपाईंको उद्योग/व्यवसाय कुन वर्गीकरणमा पर्दछ ? *

*Mark only one oval.*

- ◯ घरेलु उद्योग (परम्परागत/स्थानीय सीप/प्रविधि/कच्चा पदार्थ, २० किलोवाट सम्म उपकरण क्षमता)
- ◯ लघु उद्यम/साना खुद्रा व्यापार (घरजग्गाबाहेक रू. २० लाखसम्म स्थिर पूँजी, स्वयम संलग्न, ८ जनासम्म कामदार/कर्मचारी, १ करोडसम्म वार्षिक कारोबार)
- ◯ रू. १५ करोडसम्म स्थिर पूँजी भएको
- ◯ रू. १५ – ५० करोड सम्म स्थिर पूँजी भएको
- ◯ रू. ५० करोड माथि स्थिर पूँजी भएको

१०. तपाईंको कुल लगानी (स्थिर र चालू पूँजी) मा कुल ऋणको अंश कति प्रतिशत रहेको छ ?

____________________

११. हाल तपाईंले देहायका मध्ये कुन संस्थासँग कर्जा लिनुभएको छ ? *

*Mark only one oval.*

- ◯ बैंक तथा वित्तीय संस्था (क, ख र ग वर्ग)
- ◯ लघुवित्त वित्तीय संस्था
- ◯ सहकारी संस्था
- ◯ अन्य (व्यक्ति वा संस्था)
- ◯ कर्जा नलिएको

१२. बन्दाबन्दी अघि कार्यरत कर्मचारी (अस्थायी/करार समेत) संख्या : *

आफू तथा परिवार बाहेक

____________________

१३. सामान्य समयमा अनुमानित कुल वार्षिक कारोवार कति हुने गरेको छ ? *

रू लाखमा लेख्नुहोस्

____________________

## १४. सामान्य समयमा हुने कुल वार्षिक खर्च रकम र चालु एवं स्थिर खर्चको हिस्सा

कूल वार्षिक खर्च (रू लाखमा लेख्नुहोस्)

______________________

कूल वार्षिक खर्चमा चालु खर्चको हिस्सा (प्रतिशतमा लेख्नुहोस्)

______________________

कूल वार्षिक खर्चमा स्थिर खर्चको हिस्सा (प्रतिशतमा लेख्नुहोस्)

______________________

## १५. सामान्य समयमा कुल वार्षिक खर्चमध्ये विभिन्न शीर्षकमा हुने खर्चको हिस्सा

कर्मचारी/कामदारको तलब/भत्ता/सुविधा खर्च (प्रतिशतमा लेख्नुहोस्)

______________________

घर भाडा खर्च (प्रतिशतमा लेख्नुहोस्)

______________________

ब्याज खर्च (प्रतिशतमा लेख्नुहोस्)

______________________

अन्य खर्च (प्रतिशतमा लेख्नुहोस्)

______________________

## बन्दाबन्दी समय

१६. बन्दाबन्दीको समयमा उद्योग/व्यवसाय सञ्चालनको अवस्था *

*Mark only one oval.*

- ◯ पूर्णरूपमा सञ्चालनमा रहेको
- ◯ आंशिक रुपमा सञ्चालनमा रहेको
- ◯ सञ्चालनमा नरहेको

१७. बन्दाबन्दीको समयको औसत विद्युत खपत :

*Mark only one oval.*

- ◯ पहिलेको भन्दा बढी
- ◯ पहिलेकै जति
- ◯ पहिलेको भन्दा २५% कम
- ◯ पहिलेको भन्दा ५०% कम
- ◯ पहिलेको भन्दा ७५% कम

१८. बन्दाबन्दीको समयमा कति कर्मचारी/कामदार (अस्थायी/करार समेत ) कटौती गर्नुभयो ?
(प्रतिशतमा उल्लेख गर्नुहोस्) *
नगरेको भए शुन्य लेख्नुहोस्

______________________

१९. कटौती गरिएको कर्मचारी/कामदार मध्ये अस्थायी/करार कर्मचारी/कामदार कति छन् ?
(प्रतिशतमा उल्लेख गर्नुहोस्)

______________________

२०. बन्दाबन्दीको समयमा कर्मचारी/कामदारको तलब औसतमा कति कटौती गर्नुभयो ?
(प्रतिशतमा उल्लेख गर्नुहोस्) *

______________________

२१. बन्दाबन्दीको समयमा कर्मचारी/कामदारको भत्ता तथा अन्य सुविधा औसतमा कति कटौती गर्नुभयो ? *

*Mark only one oval.*

- ( ) नगरेको
- ( ) २५ प्रतिशतसम्म गरेको
- ( ) ५० प्रतिशतसम्म गरेको
- ( ) ७५ प्रतिशतसम्म गरेको
- ( ) १०० प्रतिशतसम्म गरेको

२२. बन्दाबन्दीको समयमा काम गर्ने कर्मचारी/कामदारलाई पहिलेको भन्दा कति प्रतिशत तलब/भत्ता/सुविधा बढाउनुभयो ?

*Mark only one oval.*

- ( ) नबढाएको
- ( ) २५ प्रतिशतसम्म गरेको
- ( ) ५० प्रतिशतसम्म गरेको
- ( ) ७५ प्रतिशतसम्म गरेको
- ( ) १०० प्रतिशतसम्म गरेको

२३. बन्दाबन्दीको समयमा भोग्नुभएका मुख्य समस्याहरु के–के हुन ? (संभावित विकल्पहरू छान्नुहोस् ) *

*Check all that apply.*

- [ ] कच्चा पदार्थको अभाव
- [ ] श्रमिकको अभाव
- [ ] बिक्री वितरणमा कठिनाई
- [ ] मागको कमी
- [ ] सञ्चालन खर्च (तलब/ज्याला, घरभाडा, बैंक किस्ता) व्यहोर्न चालु पूँजीको अभाव
- [ ] अन्य
- [ ] केही रहेन

२४. बन्दाबन्दीको समयमा सामान्य समयको तुलनामा उत्पादन/कारोबार घट्यो वा बढ्यो ? *

*Mark only one oval.*

- ( ) घट्यो *Skip to question 32*
- ( ) यथावत रह्यो *Skip to question 34*
- ( ) बढ्यो *Skip to question 33*

क्रमशः

२५. घटेको भए कति प्रतिशतले घट्यो ? *

________________

*Skip to question 34*

क्रमशः

२६. बढेको भए कति प्रतिशतले बढ्यो ? *

________________

*Skip to question 34*

क्रमशः

२७. बन्दाबन्दी रहिरहे कति समयसम्म उद्योग/व्यवसायलाई निरन्तरता दिन सक्नुहुन्छ जस्तो लाग्छ ? *

*Mark only one oval.*

- ( ) १ महिनासम्म
- ( ) २ महिनासम्म
- ( ) ३ महिनासम्म
- ( ) ६ महिनासम्म
- ( ) १ वर्षसम्म
- ( ) १ वर्षभन्दा बढी

बन्दाबन्दी पश्चात

२८. बन्दाबन्दी पश्चात सामान्य रूपमा सञ्चालनमा फर्कन कति समय लाग्ने देख्नुहुन्छ ? (महिनामा उल्लेख गर्नुहोस्)

बन्दाबन्दीमा प्रभावित नभएका उद्योग/व्यवसायको हकमा शून्य लेख्नुहोस्

______________________

२९. बन्दाबन्दी पश्चात व्यवसायिक योजना के रहेको छ ? *

*Mark only one oval.*

- ◯ विद्यमान उद्योग/व्यवसायलाई निरन्तरता दिने
- ◯ नयाँ उद्योग/व्यवसाय सुरू गर्ने
- ◯ उद्योग/व्यवसायको उत्पादन/कारोबार घटाउने
- ◯ उद्योग/व्यवसाय बन्द गर्ने
- ◯ उद्योग/व्यवसाय बिक्री गर्ने

३०. बन्दाबन्दी पश्चात उद्योग/व्यवसाय सञ्चालनमा थप पूँजी आवश्यक भए के गर्ने सोचमा हुनुहुन्छ ? (संभावित विकल्पहरू छान्नुहोस्) *

Check all that apply.

- ☐ बैंक तथा वित्तीय संस्थाबाट ऋण लिने
- ☐ सहकारी संस्थाबाट ऋण लिने
- ☐ नयाँ लगानी साझेदार खोज्ने
- ☐ खर्च घटाउने (तलब/कर्मचारी कटौती) गर्ने
- ☐ थप स्वपूँजी लगानी गर्ने
- ☐ सेयर जारी गर्ने
- ☐ अन्य
- ☐ केही नगर्ने

३१. नेपाल सरकारबाट कस्तो सुविधा/सहयोगको अपेक्षा गर्नुभएको छ ? (अत्यावश्यक विकल्पहरू मात्र छान्नुहोस्) *

Check all that apply.

- ☐ बिजुली/पानीमा सहुलियत
- ☐ आयकरमा सहुलियत
- ☐ भन्सार/अन्तःशुल्क महसुलमा छुट
- ☐ नगद अनुदान
- ☐ ब्याजदरमा सहुलियत
- ☐ लचिलो किस्ता (ब्याज र साँवा) भुक्तानी सुविधा
- ☐ चालु पूँजीका निम्ति थप ऋण सुविधा
- ☐ ऋण अवधि लम्ब्याउने सुविधा
- ☐ सुविधा/सहयोग आवश्यक नभएको

३२. नेपाल राष्ट्र बैंकको निर्देशन अनुसारको ब्याज छुट प्राप्त गर्नुभएको छ ?

*Mark only one oval.*

- ◯ छ
- ◯ छैन
- ◯ लागू नहुने

३३. तपाईंको उद्योग/व्यवसायले कारोबार गर्ने प्रमुख बैंक तथा वित्तीय संस्था कुन-कुन हो ?

नाम उल्लेख गर्नुहोस्

______________________

३४. नेपाल सरकारले आर्थिक वर्ष २०७७/७८ को बजेटमा व्यवस्था गरे अनुसार ५% ब्याजदरमा कर्जा प्राप्त गर्नु भएमा आफ्ना कर्मचारी/कामदारलाई निरन्तरता दिन सक्नुहुन्छ ?

*Mark only one oval.*

- ◯ पूर्ण रूपमा दिन सकिन्छ
- ◯ आंशिक रूपमा दिन सकिन्छ
- ◯ दिन सकिन्न

३५. बन्दाबन्दीका कारण उद्योग/व्यवसायमा परेको प्रभाव न्यूनीकरणका लागि अन्य सुझाव

This content is neither created nor endorsed by Google.

Google Forms